जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ५३ • २०८१ साल असार २७ गते बिहीबार (11 July, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सत्ता समीकरणमा अन्योल

# निर्देशनको पर्खाइमा अनेक खालका अडकलबाजी

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंह सरकारमा नयाँ साझेदारी अनुरुपको दलीय सहभागिता सन्दर्भमा केन्द्रीय निर्णयको पर्खाइमा रहँदा अनेक खालका अडकलबाजी हुन थालेको छ।

नेपाली कांग्रेस-एमाले नयाँ सत्ता सहकार्यको सहमति अनुसार मुख्यमन्त्री सिंहलाई नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) ले विश्वासको मत दिइसकेपछि सहमति कार्यान्वयनका लागि केन्द्रीय निर्देशनको पर्खाइले प्रदेश सत्ता समीकरणमा अन्योल र संकट उत्पन्न भएको छ।

विश्वासको मत पूर्व मुख्यमन्त्री सिंहले कांग्रेस र लोसपासँग गरेको सहमति अनुसार मन्त्रालय दिनमा गरेको द्विविधाजनक व्यवहारप्रति सत्ता घटकमा देखिएको असन्तुष्टिले सरकारको निरन्तरतामाथि नै प्रश्नचिन्ह खडा गरेको छ।

सरकारमा सहभागिताका लागि मन्त्रीको टुंगो लगाई शपथका लागि तयार रहेको अवस्थामा मुख्यमन्त्रीले जनमतका अध्यक्ष सीके राउतको निर्देशन बमोजिम नेपाली कांग्रेससंग गरेको चार मन्त्रालयको सहमति विपरीत गर्न खोजेपछि कांग्रेसले त्यो घटनालाई स्वाभिमानसँग जोड्दै नयाँ विकल्पको पक्षमा उभिएको छ।

त्यस्तै मुख्यमन्त्री सिंहले लोकतान्त्रिक समाजवादी पार्टीसँग गरेको दुई मन्त्रालयको सहमति कार्यान्वयनमा कटौतीको मनसाय व्यक्तले लोसपा पनि नेपाली कांग्रेसको वैकल्पिक पक्षमा सहभागिता जनाएको छ।

जनमत पार्टीले अहिले पनि आधिकारिक रुपमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छैन। मधेश प्रदेशमा नयाँ समीकरणबाट मुख्यमन्त्री सिंहलाई प्राप्त भएको विश्वासको मतलाई जनमतले नयाँ गठबन्धनमा साझेदारीका रुपमा परिभाषित गरिरहेको छ।

मुख्य दलहरु एक ठाउँ उभिइसकेपछि जनमतले प्रधानमन्त्री प्रचण्डलाई समर्थन गर्नु वा नगर्नुको कुनै औचित्य नै सकिएको बताइए पनि अध्यक्ष राउतको दोहोरो चालले साझेदार वृत्तमा उठेको शंका र




मुख्यमन्त्री सिंहको विकल्पको खोजीका लागि नेपाली कांग्रेस,एमाले र लोसपाका नेताहरु केन्द पुगेर लविंग गरिरहेको स्रोतको दाबी छ।

विगतमा जनमत पार्टीका अध्यक्ष राउतले कांग्रेस गठबन्धनको प्रचण्ड सरकार भए पनि विश्वासको मतदिने , एमाले गठबन्धनको प्रचण्डको सरकार भए पनि विश्वासको मत दिने कार्य गरेका कारण उनीप्रति नयाँ गठबन्धनमा विश्वासको संकट देखा परेको छ।

स्रोतका अनुसार नेताहरुले आ-आफ्ना पार्टी अध्यक्षलाई मुख्यमन्त्री सिंहले विश्वासको मत प्राप्त गरेपछि सहमति कार्यान्वयनप्रतिको गरेको अनुदारभाव जानकारी गराइ त्यसको उपायबारे संवाद प्रारम्भ भइसकेको छ।

मधेश प्रदेश नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव र लोकतान्त्रिक समाजवादी पार्टीका रानी शर्माले मुख्यमन्त्री सिंहको अनुदारभावको विकल्पका सम्बन्धमा केन्द्रीय तहमा संवादको पहल गरिरहेको स्रोतको दाबी छ।

नेपाली कांग्रेसका सांसद शेषनारायण यादवले कांग्रेसले केन्द्रीय तहमा संवाद गरिरहे पनि अहिलेसम्म निकास निस्किन नसकेको बताए।

उनले भने - सत्ता घटकबीच उत्पन्न समस्या समाधानबारे प्रयास भइरहेको छ , सम्भवतः छिट्टै निकास निस्किन्छ।

केन्द्रमा संवादको थालनी गर्नु अघि नेपाली कांग्रेसका संसदीय दलका नेताले सत्ता घटक नेकपा एमाले , लोकतान्त्रिक समाजवादी पार्टी , विपक्षी दल जनता समाजवादी पार्टी नेपालसँग पनि विकल्पको खोजीको सार्थकताका लागि पहल गरेका थिए।

नेपाली कांग्रेस संसदीय दलका नेता यादवले मुख्यमन्त्री सिंहले सहमति कार्यान्वयनप्रति इमानदार नभएकाले आफूहरुले समाधानका आधारको खोजीमा रहेको बताए भने जनमत पार्टीका संसदीय दलका नेता महेश यादव मन्त्रालयको भागवन्डा सन्दर्भमा उत्पन्न समस्या केन्दीय तहको प्रयासपछि समाधान हुने विश्वास व्यक्त गरे।

स्रोतका अनुसार सहमति कार्यान्वयनप्रतिको उदासीनताले उब्जाएको विकल्पमा नेपाली कांग्रेसले आफ्नो नेतृत्वमै सरकार गठन , सरकारलाई बाहिरबाटै समर्थन दिने जस्ता विकल्पमा छलफल गरिरहेको छ।

लोकतान्त्रिक समाजवादी पार्टीका संसदीय दलका उपनेता उपेन्द्र महतोले दुई मन्त्रालय बटम लाइन विपरीतको सहमति स्वीकारको पक्षमा नरहेको स्पष्ट गर्दै उनले भने - बटम लाइन नभए सरकार बाहिर सहयोग गर्नेछु।

मुख्यमन्त्री सिंहले नेपाली कांग्रेसलाई अर्थ मन्त्रालय आफै राखी तीन मन्त्रालय दिने र लोकतान्त्रिक समाजवादी पार्टीलाई एक मन्त्रालय दिने अडान लिएपछि सत्ता समीकरणमा अलमल सिर्जना भएको र विभिन्न अडकलबाजीले स्थान ओगटन पुगेको बताइन्छ।










# २२ चेपाङ परिवारलाई नयाँ घर निर्माण



भरतपुर । चेपाङ आवास कार्यक्रमअन्तर्गत चितवनको इच्छाकामना गाउँपालिकामा २२ घर निर्माण भएका छन् । सङ्घीय सरकारको रु एक करोड ५० लाख सशर्त अनुदानबाट विपन्न ती समुदायका आवास निर्माण भएका हुन् । मङ्गलबार गाउँपालिकाको वडा नं ७ मा आयोजित कार्याक्रममार्फत गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले सबै वडामा निर्माण भएका घरको साँचो हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा उहाँले गाउँपालिकाका सात वडामा आर्थिक अवस्था कमजोर भएका चेपाङ समुदाय छनोट गरेर घर निर्माण गरिएको बताउनुभयो । "पालिकाले चेपाङ समुदायको घर निर्माणको योजना बनाएर सरकारलाई अनुरोध गरेपछि अनुदान प्राप्त भएको हो", उहाँले भन्नुभयो, "टोल र वडाको छनोटका आधारमा उनीहरुको घर निर्माण गरेका हौँ ।"

अध्यक्ष गुरुङले निर्माण सम्झौताअघि घर र उनीहरुको अवस्थाबारे स्थलगत अनुगमनसमेत गरिएको बताउनुभयो । "घडेरी सम्याउने र जग खनेर ढुङ्गा हाल्ने काम सम्बन्धित लाभग्राहीको हो", उहाँले भन्नुभयो, "अरु सबै गाउँपालिकाले निर्माण गरिदिएको छ ।" उहाँले गाउँपालिकाले खरको छाना भएका र आर्थिक अवस्था कमजोर भएका चेपाङ परिवारलाई टिनको छानाको व्यवस्था गरेको जानकारी दिनुभयो ।

गाउँपालिकाको वडा नं १ मा पाँच, वडा नं २ मा दुई, वडा नं ३ मा दुई, वडा नं ४ मा दुई, वडा नं ५ मा दुई, वडा नं ६ मा तीन र वडा नं ७ मा छवटा घर निर्माण गरिएको छ।गाउँपालिका उपाध्यक्ष माया सिलवाल धेरैको आकाङ्क्षा भए पनि बिहान-बेलुका हातमुख जोर्न पनि समस्या हुनेको पहिचान गरेर घर निर्माण गरिएको बताउनुभयो। उहाँले समयमै काम सम्पन्न गर्ने निर्माण कम्पनीलाई धन्यवाद दिनुभयो ।

गाउँपालिकाले आगामी आर्थिक वर्षमा पनि चेपाङ आवास कार्यक्रमलाई निरन्तरता दिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त बस्नेतले जानकारी दिनुभयो । उहाँले घर नभएका र खरको झुप्रोमा बस्दै आएकाहरूलाई प्राथमिकतामा राखेर घर निर्माण गरिने बताउनुभयो । पालिकाले आगामी आवका लागि रु तीन करोड ३० लाख बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

वर्षौंदेखि खरको झुप्रोमा बस्दै आउनुभएका इच्छाकामना -७ सुन्दरबस्तीका अइतराम प्रजा घामपानीमा अन्यको घर ओत लाग्न जानुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो । उहाँले पालिकाले दुई कोठाको घर निर्माण गरिदिएपछि खुसी लागेको जनाउँदै अब जीवनयापनमा सहज हुने बताउनुभयो ।

इच्छाकामना-१ कोलभन्ज्याङका अरसल चेपाङ भूकम्पले पुरानो घर भत्किएपछि छाप्रामा बस्दै आएको बताउनुभयो। उहाँले बर्खामा पानी चुहिने र हिउँदमा हुरीबतास र आगलागीको डर अब अन्त्य भएकामा खुसी व्यक्त गर्नुभयो । "गाउँपालिकाले घर बनाइदिएपछि निकै खुसी छौँ, छजनाको परिवार एउटै कोठामा बस्नुपर्ने बाध्यता अन्त्य हुने भएको छ", उहाँले भन्नुभयो । इच्छाकामनामा दुई हजार पाँच सय चेपाङ परिवारको बसोबास छ ।रासस


# अमेरिका जान चाहनेलाई उपयोगी पुस्तक 'सपना र यथार्थमा अमेरिका'

काठमाण्डु । विपन्न र अविकसित देशका नागरिकका लागि सपनाको काल्पनिक संसार स्वर्गजस्तो लाग्ने अमेरिकाका बारेमा एउटा दृष्टिविहीनले हात्ती छामेजस्तो फरकफरक चर्चा र व्याख्या हुने गर्दछ । विश्व मानचित्रमा जनसङ्ख्या र भूगोलमा तेस्रो ठूलो देश अमेरिका पाँच सय वर्षको इतिहासमा अनेक आरोहअवरोह पार गर्दै विश्वको महाशक्ति राष्ट्र बनेको छ । करिब सात दशकदेखि धेरै नेपालीको गन्तव्य बनेको अमेरिका पछिल्लो दुई दशकयता झनै बढी आकर्षणको केन्द्र बनेको छ । एकातिर उच्चशिक्षाको अवसरमा जानेखोजिरहेका छन्भने अमेरिकाले डिभी योजना चलाएपछि भाग्यवश धेरै नेपाली यस ढोकाबाट पनि तानिएका छन् ।

अमेरिका जाने र सुन्दर भविष्यको सपना देख्ने नेपालीहरुको भीडमध्येका एक हुन्हुन्छ सानबाबु सिलवाल । लामो समय नेपालमा पत्रकारिता क्षेत्रमा कलम चलाउँदै आउनुभएका उहाँले सन् २००५ देखि अमेरिकालाई आफ्नो कर्मथलो बनाउनु भएको छ ।अमेरिकामा रहँदा आफूले खाएका अनेक हण्डरहरुको चर्चा मात्र गर्नुभएको छैन, भविष्यमा कसैले त्यस्तो अवस्थासँग जुध्न नपरोस् भनेर बाटो देखाउने काम 'सपना र यथार्थमा अमेरिकामा' नामक पुस्तकमार्फत गर्नुभएको छ।

पुस्तक दुई सय ८३ पृष्ठको र नौ एकाइमा विभक्त रहेको छ। पुस्तकमा आर्थिक धरातलमा रहेर अमेरिकालाई चिनाउँदै अमेरिकामा रहेका नेपालीहरूको अनुभव, अमेरिकामा नयाँ जीवन सुरु गर्ने मार्गनिर्देशन, त्यहाँ उपलब्ध अवसरहरू, मुद्रा व्यवस्थापन, करलगायत विषयहरू समेटिएका छन् । पुस्तकमा अमेरिकी कानुनसम्बद्ध केही मुद्दाहरू, सडक सुरक्षा र नियमका प्रसङ्गहरु, संयुक्त राज्य अमेरिका र नेपालबीचको सम्बधजस्ता विविध विषयका बारेमा पनि जानकारी गराइएको छ।

पुस्तकमा संयुक्त राज्य अमेरिकाको परिचय, अमेरिकामा नेपालीहरूको अवस्था, अमेरिकी जीवन प्रारम्भका लागि सुझावहरू, अमेरिकामा अवसर, कर प्रणाली, कानुनसम्बन्धी कुराहरू, सडक सुरक्षा र नियम, नेपालसँग अन्तरसम्बन्धलगायत विभिन्न विषय समावेश गरिएको छ । कृतिमा अमेरिकी कानुन, यातायात, पर्यटन, न्यायालय, अर्थ व्यवस्थाको व्याख्या गरिएकाले अमेरिकी समाजबारे धेरै जानकारी पाउन सकिन्छ।




विश्वका धेरै मानिसका निम्ति अमेरिका सपनाको देश बनेको छ र अमेरिका पुग्न सक्नुलाई मात्र पनि ठूलो सफलता ठान्नेहरूको नेपाली समाजमा झनै बढी रहेको छ। समृद्धिको सपना देखेर प्रवासमा हाम्फालेका जो कसैले पनि यस पुस्तकबाट लाभ लिन सक्नेछन् । अमेरिकी भूमिका सङ्घर्ष गरिरहेका नेपालीलाई पुस्तकले बाटो देखाएको छ । केही न केही आफूले निरन्तर मिहिनेत र सङ्घर्ष गरेर व्यावसायिक सफलतातिर उन्मुख भएको र यो क्रममा आफ्ना प्रेरणाका स्रोतहरुको उल्लेख गर्नुभएको छ।

पुस्तकको बारेमा भूमिका लेख्नुभएका वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले मूलतः अमेरिका जाने सोच बनाउनुअघि यो कृतिका प्रत्येक अक्षर, शब्द, आशय अध्ययन गर्नु र अमेरिका पुगेपछि गहिरोसँग मनन गर्नु जरुरी छ भन्दै पुस्तकको महत्वलाई उजागर गर्नुभएको छ । यो पुस्तक अमेरिकामा रहेका हुन् वा भविष्यमा अमेरिकाको सपना देखेका नेपाली हुन् सबैका लागि 'डिस्नेरी' बन्न सक्छ भन्ने उहाँको भनाइ छ । त्यस्तै अर्का वरिष्ठ पत्रकार देवप्रकाश त्रिपाठीले पनि आफ्नो भूमिकामा अमेरिकालाई नेपालीमा बुझ्न चाहनेहरुका निम्ति पुस्तक अत्यन्तै उपयोगी रहेको उल्लेख गर्नुभएको छ। गैरआवासीय नेपाली सङ्घका पूर्वअध्यक्ष जीवा लामिछानेले अमेरिकी समाजलाई लक्षित गरेर लेखिएको भए पनि अन्य क्षेत्रका मानिसका लागि समेत उत्तिकै उपयोगी हुनसक्ने विश्वास व्यक्त गर्नुभएको छ।

गीता सिलवालले प्रकाशन गरेको पुस्तकको मूल्य पाँच सय रुपैयाँ रहेको छ। पुस्तक बिक्रीबाट आएको आम्दानीले लेखकले विपन्नहरुको निःशुल्क उपचारमा योगदान गर्न चाहनुभएको छ । समाजसेवामा अभिरुचि राख्ने लेखक अमेरिकामा रहँदा दुःखमा परेका नेपालीहरूलाई सहयोग गर्ने र मातृभूमिप्रति पनि उत्तिकै चिन्तित रहनुभएको पुस्तक पढ्दा धेरै दृष्टान्तहरुबाट थाहा हुन्छ। हालै राजधानमीमा आयोजित एक कार्यक्रममा पुस्तकको विमोचन गर्दै मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले सत्कर्म, सत्प्रयास, सत्चरित्रबाट नै मानिस सफल हुने बताउँदै अमेरिकामा रहेर पनि नेपाल र नेपालीप्रति चिन्ता राख्ने, नेपालीको भलाइका लागि लागिपर्ने लेखकको प्रशंसा गर्नुभयो ।

लेखक सिलवालले पुस्तकमा आफ्नो भनाइ राख्दै अमेरिका बसिरहेका, यहाँ आउँदै गरेका र भविष्यमा आउने सोच बनाएका नेपाली अमेरिकी र नेपालीलाई लक्षित गरी आफ्ना अनुभवहरुसमेत बाँड्ने उद्देश्यले पुस्तक लेखेको बताउनुहुन्छ । अवसरको खोजी गर्दै अमेरिका पुगेका तर चुनौती सामना गरिरहेका नेपालीलाई मार्गदर्शन र सहयोग गर्ने आफ्नो उद्देश्य रहेको बताउनुहुन्छ। उहाँले अमेरिकामा समस्या अप्ठेरोमा रहेका नेपालीलाई सहयोग गर्न आफू निरन्तर लागिपरेको बताउँदै आफूलाई राती, बिहान दिउँसो हरेक क्षण समस्यामा परेका नेपालीको फोन आउने गरेको र आफू समाधानका लागि निरन्तर लागिरहेको कुरा पनि पुस्तकमा उल्लेख गर्नुभएको छ। हाल अमेरिकामा रहेका झन्डै पाँच लाख रहेका छन् ।रासस

# 'स्थिरताका लागि कांग्रेस-एमाले गठबन्धन'

काठमाण्डु । नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले देश र जनतालाई केन्द्रमा राखेर कांग्रेस-एमालेबीच सरकार गठनका लागि गठबन्धन भएको बताउनुभएको छ।

नेपाल विद्यार्थी सङ्घ तारकेश्वर नगरसमितिले मंगलबार आयोजना गरेको एसइई उत्तीर्ण विद्यार्थीलाई सम्मान कार्यक्रममा उहाँले अस्थिर सरकारका कारण मुलुकको विकासमा बाधा पुगेकाले स्थिरताका लागि नयाँ समीकरण बनाउनुपरेको भएको बताउनुभएको हो । पूर्वअर्थमन्त्री डा महतले नयाँ सरकारले देश र जनतालाई केन्द्रमा राखेर काम गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले राजनीतिक दलमा आवद्ध नेता तथा कार्यकर्ता समाजसेवाको भावनाले अगाडि बढे आर्थिक, सामाजिक तथा राजनीतिक समस्या समाधान र परिवर्तनलाई संस्थागत गर्न धेरै समय नलाग्ने जिकिर गर्नुभयो । "हरेक कुरामा राम्रो सम्भावना भएको नेपालजस्तो देश संसारमा अर्को भेट्टाउन सकिँदैन । त्यसैले सबैजना पवित्र भावनासहित देश र समाजको विकासमा लागेमा समृद्धि हासिल गर्न सकिन्छ", उहाँले भन्नुभयो,"विशेष गरी युवापुस्ताले विदेश जाने मानसिकता त्यागेर स्वदेशमै केही गर्नुपर्छ भन्ने भावनाको विकास गर्नुपर्छ। निराशा र देखासिकीले देश बन्दैन ।"रासस

# दाउरा निकाल्ने क्रममा नदीले बगाउँदा बेपत्ता

तनहुँ । बाढीले बगाएर ल्याएको दाउरा सेतीनदीबाट झिक्ने क्रममा बुधबार बिहान एक जना बेपत्ता भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार व्यास नगरपालिका-१ भादगाउँका ५५ वर्षका तालबहादुर थापा छाब्दीखोला दोभानमा बाढीले बगाएर ल्याएको दाउरा तान्दै गर्दा नदीमा बेपत्ता भएका हुन् ।

कार्यालयका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले थापाको खोजी जारी रहेको जानकारी दिनुभयो। बाढीले बगाएर ल्याएको दाउरा निकाल्न नदी किनार आसपासका मानिसको भीड लाग्ने गर्दछ।

म्याग्दे गाउँपालिका-६ मौरीओढारमा बुधबार बिहान पहिरा खस्दा अवरुद्ध पृथ्वीराजमार्गमा एकतर्फी सञ्चालनमा ल्याइएको छ। अविरल वर्षाका कारण खसेको लेदोसहितको पहिरोले राजमार्ग अवरुद्ध भएको थियो ।

पृथ्वीराजमार्गअन्तर्गत पर्ने बन्दीपुर-५ याम्पा नजिक खसेको पहिरा पन्छाएर एकतर्फी सवारीसाधन सञ्चालनमा ल्याएको प्रहरीले जनाएको छ ।रासस

# बाढीपहिरोमा परी ८३ जनाको मृत्यु, १०६ घाइते



काठमाण्डु। अविरल वर्षाका कारण आएको बाढीपहिरो लगायतका विपद्का घटनामा परेर देशभर हालसम्म ८३ जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयले दिएको जानकारी अनुसार गत जेठ २८ गतेदेखि बुधबार बिहानसम्म देशका विभिन्न स्थानमा आएको बाढीपहिरामा परेर ३३ पुरुष, २५ महिला र २५ बालबालिकाको मृत्यु भएको छ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायव महानिरीक्षक दानबहादुर कार्कीका अनुसार गत जेठ २८ देखि बुधबार बिहानसम्म बाढीपहिरामा परेर एक सय ६ जना घाइते भएका छन् । हालसम्म दुई पुरुष र तीन महिलासहित पाँच जना बेपत्ता भएको उहाँले राससलाई जानकारी दिनुभयो । घाइते हुनेमा ५१ पुरुष, ३६ महिला र १९ बालबालिका छन् ।

उक्त समयमा बाढीपहिरोका कारण तीन सय ८४ पशु चौपायाको क्षति भएको छ। यस्तै, एक सय ३९ घर र ५४ गोठमा क्षति पुगेको प्रहरी प्रवक्ता कार्कीले बताउनुभयो। वर्षा र पहिरोका कारण आठ सय ५८ परिवार विस्थापित भएका छन् । बाढीपहिरोमा परेकाको उद्धारका लागि हालसम्म पाँच हजार चार सय २८ प्रहरी परिचालन गरिएको छ।

मुलुकको विभिन्न भागमा परेको अविरल वर्षाका कारण एक विद्यालय र दुई सरकारी भवनमा क्षति पुगेको छ भने ४१ पुल बगाएको छ। यस्तै, एक सय ६१ घर डुबानमा परेका र एक सय १६ रोपनी जग्गा पुरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । देशभर दुई हजार नौ सय ५४ परिवार विस्थापित भएका छन् । उक्त घटनामा रु १० करोड ७० लाख ४० हजार बराबरको क्षति पुगेको प्रहरीले जनाएको छ ।रासस

# सनवोरा नदीको झोलुङ्गे पुल बाढीको उच्च जोखिम

कञ्चनपुर। तीन दिनदेखिको अविरल वर्षापछि सनवोरा नदीमा आएको बाढीले शुक्लाफाँटा नगरपालिका-३ र २ जोडने झोलुङ्गे पुल जोखिममा पारेको छ । वडा नं ३ तर्फको पिल्लर नजिकै तीव्र कटान गर्न थालेपछि उक्त पुल नदीको उच्च जोखिममा परेको हो।



तत्काल संरक्षणका लागि तटबन्ध निर्माण नगरे पुल ढल्ने सम्भावना रहेको स्थानीय दानसिंह दहितले बताउनुभयो । "पुल नजिकैबाट नदीले जग्गा कटानी गरिरहेको छ", उहाँले भन्नुभयो, "तत्काल जोगाउन प्रयास थालिनुपर्छ ।" वडा नं २ र ३ का बासिन्दाको नदी तर्ने एक मात्रै विकल्पका रुपमा उक्त झोलुङ्गे पुल रहेको उहाँले उल्लेख गर्नुभयो।

वडा नं ३ का वडाध्यक्ष नरेन्द्रप्रसाद चौधरीले पुल जोखिममा परेको जानकारी नगरपालिको बिहीबार बस्ने विपद् व्यवस्थापन समितिको बैठकमा जानकारी गराउने बताउनुभयो। वडा कार्यालयसँग पुल जोगाउन तटबन्ध निर्माणका लागि आवश्यक बजेट नभएकाले नगरपालिकासँग सहकार्य गरी विकल्प खोजिने उहाँले बताउनुभयो।

"तटबन्ध निर्माणका लागि प्रदेश सरकारसँग माग गर्न 'डेलिगेसन' सहित जाने कार्यक्रम छ", वडाध्यक्ष चौधरीले भन्नुभयो, "तत्काल पुल जोगाउन अस्थायी प्रबन्ध गर्न योजना बनाइरहेका छौँ। नगर तथा विपद् व्यवस्थापन समितिलाई तत्काल जानकारी गराउने छौं ।"स्याली र सनवोरा नदीले वडाका अधिकांश खेतीयोग्य जग्गा कटान गरेको बताउँदै वर्षा पूरै बाँकी रहेको अवस्थामा थप कटान हुन नदिन के गर्न सकिन्छ भन्ने विषयमा सरोकार भएकासँग छलफल भइरहेको उहाँको भनाइ छ। पुल विसं २०७३ मा रु ७० लाखको लागतमा निर्माण भएको थियो । पुलको लम्बाइ एक सय मिटर छ ।रासस


## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा ज.उ.म.न.पा. वडा नं. ०७, (बल्वा टोल , पुलीस चौकीबाट २०० मिटर दक्षिण तर्फ मिति २०८१/०३/२३ गते बेलुका ०७:०० - ०८:०० बजे प्र २-०२-००४ प २२३४ नम्बरको Blue रंगको ईन्जिन नं. CE7AM27R3286 चेसिस नम्बर MD637AE72M2AA4735 को TVS कम्पनीको अपाची 160cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

नामः नागेन्द्र राय
ठेगानाः भ्रमरपुरा- २ ( महोत्तरी )
मो.नं. : ९८१५८७५६६८


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जमा नुनको प्याकेजिङ : साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जमा आयोडिनयुक्त नुनको प्याकेजिङ गर्दै श्रमिक। गत असार १८ गतेदेखि एक किलोग्राम नुनको मूल्य रु २६ कायम गरिएको छ। *तस्बिरः रासस*

# शोधनान्तर र चालुखाता बचतमा, वाञ्छित सीमाभित्र मुद्रास्फीति

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा आर्थिक तथा वित्तीय सूचकहरूको अवस्था सकारात्मक देखिएको छ।

नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको एघार महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मुद्रास्फीतिदर वाञ्छित सीमाभित्र देखिएको छ भने शोधनान्तर र चालुखाता बचतमा छन् । त्यस्तै अर्थतन्त्रको बाह्य क्षेत्र पनि सन्तुलित देखिएको छ। विदेशी मुद्रा सञ्चिति र विप्रेषण आप्रवाह बढेको छ।

राष्ट्र बैंकका अनुसार वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति गत जेठमा चार दशमलव १७ प्रतिशत रहेको थियो । खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ७६ र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति दुई दशमलव ९४ प्रतिशत रहेको छ। वार्षिक बिन्दुगत थोक मुद्रास्फीति पाँच दशमलव ४८ प्रतिशत छ।

गत जेठ मसान्तसम्ममा समीक्षा अवधिमा चालु खाता रु दुई खर्ब ३९ करोडले बचतमा रहेको छ भने पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ४६ करोड कायम भएको छ। यो अवधिसम्मको खुद प्रत्यक्ष वैदेशिक लगानी रु आठ अर्ब १६ करोडले धनात्मक रहेको छ। यो अवधिसम्ममा शोधनान्तर स्थिति रु चार खर्ब २५ अर्ब ६७ करोडले बचतमा रहेको छ।

विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति चालु आवको ११ महिना अवधिमा २७ दशमलव ८ प्रतिशतले वृद्धि भई २०८१ जेठ मसान्तमा रु १९ खर्ब ६७ अर्ब १९ करोड पुगेको छ।रासस

# टेलिअफ्थाल्मोलोजी’ परियोजना कार्यान्वयनमा

काठमाण्डु । नेपाल नेत्रज्योति सङ्घले नूर दुबई फाउण्डेशनको आर्थिक एवं प्राविधिक सहयोगमा ‘टेलिअफ्थाल्मोलोजी’ परियोजना सुरुआत गरेको छ। सो परियोजनाले ‘टेलिअफ्थाल्मोलोजी’मार्फत नेपालको दुर्गम क्षेत्रका वासिन्दामा आँखा उपचारको पहुँच बढाउने लक्ष्य लिएको छ । तीन वर्षका अवधिमा सङ्घअन्तर्गतका १५ केन्द्रमार्फत परियोजनाले प्राथमिक हेरचाह, विशेषज्ञ परामर्श र तालिमसमेत प्रवाह गर्ने मङ्गलबार आयोजित कार्यक्रममा जानकारी दिइयो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेल, नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्त, नेपालका लागि युएईका राजदूत अबदुल्लाह अल सम्सी र नूर दुबई फाउण्डेशनका प्रमुख कार्यकारी अधिकृत डा मनाल तारियामले संयुक्त रूपमा परियोजनाको शुभारम्भ गर्नुभयो । सो अवसरमा सचिव डा पोखरेलले भन्नुभयो, “ गुणस्तरीय स्वास्थ्य सेवा पहुँच विस्तार गर्न मन्त्रालयले उच्च प्राथमिकता दिएको छ। यस लक्ष्यलाई परियोजनाले थप सहयोग गर्ने छ । दिगो विकासका लक्ष्य २०३० प्राप्तिमा आँखा स्वास्थ्य सेवाको भूमिका अग्रणी छ।”

फाउण्डेशनका बोर्ड सदस्य एवं प्रमुख कार्यकारी अधिकृत डा तारियामले भन्नुभयो, “ फाउण्डेशनले नेपाल नेत्रज्योति सङ्घसँगको साझेदारी मार्फत नेपालमा आँखा उपचार सेवा गर्न समुदायमा पुग्न पाउँदा अत्यन्तै गौरवान्वित छौँ । यस परियोजनाले आँखा स्वास्थ्य सेवाको प्रवाहलाई रूपान्तरण गर्नुका साथै सेवाको पहुँचलाई बढाई यसलाई दिगो बनाउने विश्वास लिएका छौँ।”

सङ्घका अध्यक्ष प्रा डा पन्तले भन्नुभयो, “ परियोजनाले नेपालको दुर्गम र ग्रामीण क्षेत्रका विपन्न नागरिकलाई अस्पतालको विशेषज्ञ आँखा उपचार सेवासँग जोड्नेछ । टेलिअफ्थाल्मोलोजी उपचार सेवाले बिरामीको घरमै विशेषज्ञ आँखाको हेरचाह सेवा प्रदान गर्ने हुनाले यो बढी प्रभावकारी हुने विश्वास लिएका छौ।” कार्यक्रममा सङ्घका महासचिव भरतबहादुर चन्द र कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले आँखा उपचार सेवामा सङ्घले गरिरहेका काम एवं परियोजनाबारे जानकारी दिनुभएको थियो ।



उन्नत प्रविधि टेलिअफ्थाल्मोलोजी

‘टेलिमेडिसिन’ र ‘टेलिअफ्थाल्मोलोजी’ले विद्युतीय सञ्चार र उन्नत प्रविधिको माध्यमबाट स्वास्थ्य सेवा प्रवाहलाई सहज बनाउने जनाइएको छ। बिरामी तथा विशेषज्ञ आँखा चिकित्सक भौगोलिक रूपमा टाढा भएता पनि यो प्रविधिले नजिक बनाई विशेषज्ञ उपचार सेवालाई सहज बनाउने कार्यकारी निर्देशक डा मिश्रले बताउनुभयो । उहाँका अनुसार यो प्रविधिले चाहेको समयमा तथ्याङ्क विश्लेषण गर्न, प्रविधि मार्फत निर्देशित उत्कृष्ट आँखा उपचार सेवा प्रदान गर्न, तथ्याङ्कमा आधारित निर्णय लिन र कुशल एवं उत्कृष्ट बिरामी सेवा प्रवाहलाई जोड दिनेछ।

सङ्घका अनुसार नेपालमा करिब ६८ लाख मानिस कुनै न कुनै आँखासम्बन्धी समस्यायाबाट ग्रसित छन् । परियोजनाको अन्त्यमा सङ्घद्वारा सञ्चालित १५ आँखा उपचार केन्द्रमार्फत करिब चार लाख ३३ हजार बिरामीलाई प्राथमिक आँखा उपचार सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ।

यसैगरी ८२ हजार आँखाका बिरामीलाई टेलिअफ्थाल्मोलोजीमार्फत विशेषज्ञ परामर्श सेवा प्रवाह गर्ने छ । परियोजनाले १५ नेत्र सहायक र छ नेत्ररोग विशेषज्ञलाई टेलिअफ्थाल्मोलोजीमा तालिम दिई मानव स्रोत विकासमा पनि सहयोग पुर्याउँदै समुदायलाई सशक्त बनाउने अपेक्षा गरिएको छ। साथै परियोजनाले थप १५ आँखा उपचार केन्द्र र दुईवटा विशिष्टिकृत अस्पताललाई जोडेर आँखा स्वास्थ्य पूर्वाधारलाई थप सुधार गर्ने लक्ष्य राखेको छ।

परियोजनाले दिगो विकासका लक्ष्यहरू ३, ८, ९ र १३ को लक्ष्य प्राप्तिमा प्रत्यक्ष योगदान पुर्याउने महासचिव चन्दले जानकारी दिनुभयो। उहाँले भन्नुभयो “टेलिमेडिसिनको प्रयोगले स्वास्थ्य सेवा प्रदान गर्दा लाग्ने लागतलाई उल्लेखनीय रूपमा कम गर्दै र गुणस्तरीय आँखा उपचार सेवामा सुधार गर्ने छ। यसले समुदायको आर्थिक वृद्धिलाई सुनिश्चित गर्ने छ।”यस परियोजनाले जलवायु परिवर्तनको प्रभाव कम गर्न हरितगृह ग्यास उत्सर्जन घटाउनसमते सहयोग पुर्याउने अपेक्षा समेत लिइएको छ।

युएई केन्द्रित फाउण्डेशनले विश्वव्यापी रूपमा रहेको अन्धोपनालगायत आँखासम्बन्धी विभिन्न समस्याको रोकथाम गर्ने उद्देश्य प्राप्तिमा तल्लीन रहेको जनाइएको छ। यसैगरी सङ्घले कुल चार करोड ३६ लाख २६ आँखाका बिरामीलाई उपचार सेवा प्रवाह गरिसकेको छ भने ५१ लाख ३३ हजार छ सय ५९ जनाको आँखाको शल्यक्रिया भइसकेको छ । हाल सङ्घअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, एक सय ५७ आँखा उपचार केन्द्र तथा ४४ जिल्ला शाखा सञ्चालनमा छन् ।रासस

# घट्दो जनसंख्या र बढ्दो बसाइसराइँले सयभन्दा कम विद्यार्थी भएका विद्यालय संख्या बढे

काठमाण्डु। घट्दो जनसंख्या, बढ्दो बसाइसराइँ र सहरी क्षेत्रमा निजी विद्यालयको प्रभावसँगै मुलुकका पचास प्रतिशतभन्दा बढी सामुदायिक विद्यालयमा सयभन्दा कम विद्यार्थी हुन पुगेका छन्।

सार्वजनिक शिक्षाको सुधारका लागि सरकारी र गैह्रसरकारी क्षेत्रबाट पहल जारी रहे पनि कूल सामुदायिक (सरकारी) विद्यालयमध्ये आधाभन्दा बढीमा सयभन्दा कम विद्यार्थी देखिएका हुन्।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हालै सार्वजनिक गरेको शैक्षिक सूचना, २०८० मा सयभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या १५ हजार नौ सय ६५ उल्लेख छ। उक्त संख्या कूल सामुदायिक विद्यालयको संख्या (२७ हजार नौ सय ९०) को ५७ दशमलव ०३ प्रतिशत हो।

आर्थिक वर्ष २०७६/७७ मा सयभन्दा कम भएका सामुदायिक विद्यालयको संख्या १४ हजार रहेकामा विद्यालय समायोजन (मर्ज) को नीतिसमेत सञ्चालन भएको स्थितिमा हाल कम विद्यार्थी भएका विद्यालयको संख्या झन् बढेको देखिएको छ।

सयदेखि पाँच सयसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय नौ हजार सात सय चार, पाँच सय एकदेखि एक हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय एक हजार छ सय ३६, एक हजार एकदेखि १५ सयसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय चार सय नौ, १५ सय एकदेखि दुई हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय एक सय ३६ र दुई हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या मात्र सय रहेको छ।

हाल २७ हजार नौ सय ९० सामुदायिक र सात हजार आठ सय ८६ संस्थागत (निजी) गरी कूल ३५ हजार आठ सय ७६ विद्यालय (आधारभूत तहदेखि कक्षा १२ सम्म) छन् । विसं २०७९ मा सामुदायिक, संस्थागत र धार्मिक विद्यालय गरी ३६ हजार पाँच सय दुई विद्यालय रहेका थिए । शिक्षा, विकास तथा मानव स्रोत विकास केन्द्रको आँकडा अनुसार २०८० सालमा सामुदायिक र संस्थागत दुवैमा गरी आधारभूत तह कक्षा ५ सम्म १७ हजार छ सय १७, आधारभूत तह कक्षा ८ सम्म छ हजार सात सय ६७, माध्यमिक तह कक्षा १० सम्म छ हजार छ सय ७२ र माध्यमिक तह कक्षा १२ सम्म चार हजार आठ सय २० विद्यालय रहेका छन्। केन्द्रका महानिर्देशक दीपक शर्मा जन्मदर कम हुँदै जानु, सहरी क्षेत्रमा संस्थागत (निजी) विद्यालयका विद्यार्थी बढ्नु र ग्रामीण क्षेत्रबाट नागरिकको सहरी क्षेत्रमा बसाइँसराइ बढ्नुले धेरै सामुदायिक विद्यालयमा विद्यार्थी कम भएको बताउनुहुन्छ।



दोलखाको रोल्वालिङमा ११ परिवार मात्रै रहेको र त्यहाँ आठजना मात्रै विद्यालय उमेरका बालबालिका रहेको स्थितिमा त्यहाँको प्राथमिक विद्यालय बन्द वा समायोजन गराउने हो भने त्यहाँका बालबालिका अर्को गाउँको विद्यालयमा पुग्न दुई घन्टासम्म हिँडेर जानुपर्ने अवस्था रहेको बारेमा पनि सोच्नुपर्ने उहाँको भनाइ छ । विद्यालय समायोजन नीतिमा आधा घन्टाभन्दा कम पैद दूरीमा पर्ने सामुदायिक विद्यालयमा १५ भन्दा कम विद्यार्थी भएमा नजिकैको विद्यालयमा मर्ज गर्नुपर्ने व्यवस्था रहेको छ । निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ ले बालबालिकालाई आधारभूत तहसम्म पायकपर्ने विद्यालयमा निःशुल्क शिक्षा दिनुपर्ने भएकाले न्यून विद्यार्थी भए पनि दुर्गम गाउँका विद्यालयलाई कायम गरिएको महानिर्देशक शर्माले बताउनुभयो।

> केन्द्रका महानिर्देशक दीपक शर्मा जन्मदर कम हुँदै जानु, सहरी क्षेत्रमा संस्थागत (निजी) विद्यालयका विद्यार्थी बढ्नु र ग्रामीण क्षेत्रबाट नागरिकको सहरी क्षेत्रमा बसाइँसराइ बढ्नुले धेरै सामुदायिक विद्यालयमा विद्यार्थी कम भएको बताउनुहुन्छ ।

सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयमा प्राविधिक धारका कार्यक्रमको नक्शाङ्कन गरी पुनःसंरचना गर्ने, विद्यालयमा प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहित गर्ने, विभिन्न क्षेत्रमा सीप विकासका लागि दस कक्षा उत्तीर्ण विद्यार्थीका लागि विशेष कार्यक्रम लागू गर्ने योजना छ।रासस

# अनुचित लेनदेनका ५९ उजुरी दर्ता

चितवन । चितवनमा अनुचित लेनदेन (मिटर ब्याजी) सम्बन्धी जाँचबुझ आयोगले निवेदन आह्वान गरेपछि पछिल्लो पटक ५९ उजुरी दर्ता भएका छन् । जिल्ला प्रशासन कार्यालयमा ५७ वटा तथा जिल्ला प्रहरी कार्यालयमा दुईवटा उजुरी दर्ता भएका हुन्।

जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा गोपिचन्द्र दवाडीका अनुसार २०८१ जेठ ११ गतेदेखि असार १४ गतेसम्म ती उजुरी दर्ता भएका हुन् । जिल्ला प्रहरी कार्यालयमा परेको एउटा उजुरीको सहमतिसमेत भइसकेको उहाँले जानकारी दिनुभयो।

आयोगले उजुरी आह्वान गरेपछि परेका उजुरीमाथि छलफल गर्न सहायक प्रमुख जिल्ला अधिकारी खेमानन्द भुषालको संयोजकत्वमा तीन सदस्यीय उजुरी फछ्र्यौट संयन्त्र गठन गरिएको छ। उहाँले भन्नुभयो “संयन्त्रको बैठक बसेर परेका उजुरीमाथि प्राथमिकताको आधारमा छलफल गरिने छ।” छलफलमार्फत आपसी समझदारीबाट समाधान निकालिने उहाँले बताउनुभयो।

विसं २०८० साउनयता विभिन्न समयमा आयोगले उजुरी आह्वान गरेपछि अन्य समयमा ९३ उजुरी दर्ता भएका थिए। गत वर्ष माघ ८ गतेसम्म ती उजुरी परेका हुन् । परेका उजुरीमध्ये ८६ वटा जिल्ला प्रहरी कार्यालयमा पठाइएको थियो । प्रहरी कार्यालयमा पठाइएका उजुरीमध्ये ५७ वटा फछ्र्यौट हुन बाँकी रहेको प्रमुख जिल्ला अधिकारी भुषालले जानकारी दिनुभयो ।रासस

# ‘रेडक्रसको छवि कमजोर पार्न र भ्रम सिर्जना गर्न खोजियो’

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीले प्रचलित कानुनअनुसार रक्त सञ्चार सेवा र संस्थागत सुशासनका गतिविधि अघि बढाइएको स्पष्ट पारेको छ।

समाज कल्याण परिषद् को छानबिन प्रतिवेदनको सन्दर्भ उल्लेख गरी प्रकाशित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै रेडक्रसले मानवीय सेवाका क्षेत्रमा क्रियाशील संस्थाको छवि कमजोर पार्ने र भ्रम सिर्जना गर्ने प्रयास भइरहेको जनाएको छ। रेडक्रसको केन्द्रीय कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष प्रा सुदर्शनप्रसाद नेपालले वर्तमान कार्यसमितिले रक्तसञ्चार सेवा र संस्थागत सुशासनको सम्बन्धमा थालनी गरेका सकारात्मक कदमप्रति नियोजित र प्रायोजित ढङ्गबाट दुष्प्रचार गरिएको दाबी गर्नुभयो।




“नेपाल रेडक्रस सोसाइटीमाथि छानबिन गर्ने बहानामा कपोलकल्पित, मिथ्यापूर्ण तथ्य सिर्जना गरी कारबाहीको त्रास देखाउने काम प्रचलित कानुन विपरीत छन्”, उहाँले भन्नुभयो, “छानबिन समितिको आन्तरिक प्रतिवेदन रेडक्रसलाई प्राप्त नहुँदै विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदा आश्चर्यचकित भएका छौँ।”राजनीतिक हस्तक्षेप र लामो समय केन्द्रीय कार्यसमितिको अनुपस्थिति नहोस् भनी देशभरका रेडक्रसकर्मीको सहभागितामा विधिसम्मत वर्तमान कार्यसमिति चयन भएको जानकारी दिँदै उहाँले केही व्यक्तिले रेडक्रसको छवि बदनाम गराउने प्रयत्न गरेकामा चिन्ता व्यक्त गर्नुभयो।

“वर्तमान केन्द्रीय कार्यसमिति मुलुकको कानुन, विधि, विधान र नियमभित्र रही मानवीय सेवामा तल्लीन छ”, अध्यक्ष नेपालले भन्नुभयो, “करचुक्ता, संस्था दर्ता नवीकरण, मानवीय सेवा र विपद् प्रतिकार्यका विभिन्न परियोजना व्यवस्थित गर्न कार्यसमिति सक्षम छ।” उहाँले विद्यमान कार्यसमिति पारदर्शीता, जवाफदेहिता, आर्थिक अनुसशासन र सेवाको गुणस्तर पालना गर्न/गराउन प्रतिबद्ध रहेको बताउनुभयो।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्ग्रा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।

टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।


प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

# मिडियामा दलित महिलाको सहभागिता र सवाल



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

**सम्पादकीय**

## जवाफदेहिता स्थापित गर्नुपर्छ

राजनीतिका वेत्ता एवं कूटनीतिज्ञ चाणक्यको मतमा सर्पको विष उनको दाँतमा , झिंगाको विष शिरमा , बिच्छको विष पुच्छरमा हुन्छ अर्थात यी बिषालुको एक - एक अंगमै विष हुन्छ तर दुर्जन मनुष्यको प्रत्येक अंगमा नै विष हुन्छ। नेपालका राजनीतिका बेत्ता एवं कूटनीतिज्ञहरुको चाणक्यको मत बमोजिम तुलना गर्दा दुर्जन व्यक्तिकै श्रेणीतर्फ संकेत गर्दछ । विषालु प्राणीले विशेष परिस्थतिमा विष प्रयोग गर्छ भने दुष्टलेसधैं विषको प्रयोग गरिरहने मनोविज्ञानबाट ग्रसित हुन्छ। विनाशको बेला बुद्धिले काम नगर्ने भनाइ अनुसार नेपालको राजनीतिमा अनिश्चितताको बादल मडारि रहेको अवस्था अस्थिरता रुपी विष लत झै हुनु घातक बन्न पुगेको छ। राजनैतिक अस्थिरता , भ्रष्टाचार , विकासमा शिथिलता , कुशासन विष स्वरुप धारण गरी सर्वत्र फेलिंदै गइरहेको छ । नेता , कर्मचारी , नेतृत्वकर्ताहरुको कर्तुत विष नै हो , जसले सम्पूर्ण संरचनालाई नै विषालु बनाउँदै गइरहेको छ। जल, अन्न , हितकारी वचनलाई रत्न मानिएको अवस्थामा मूर्ख व्यक्ति ढुंगाको टुक्रालाइ नैं रत्न मान्ने गरेको बुढापाकाको भनाइ बमोजिम कर्तुत ढाकछोप गर्नेले अस्थिरतालाई रत्न मान्दै सत्तालाई समेत विषालु बनाउन उद्यत छन् । जसले निराशाको बादल मडारिनमा सघाउ पुऱ्याइ रहेको छ। दिनहुँ सत्ता परिवर्तनका लागि नयाँ समीकरण , सहकार्य , साझेदारी , असन्तुष्टि जस्ता शब्दहरु वर्णमालाझै नेताहरुबाट प्रकट हुनु पनि विष सरह हो । मूलत सवाल हो समृद्धिको , जनताप्रति जिम्मेवारीको , पद्धतिप्रति निष्ठाको । तर प्रायः हरेक दिन अख्तियार दुरुपयोगले मुद्दा दायर गर्ने समाचारले समाजलाई अधेर्य बनाइ रहनु सोचनीय विषय हो । पहिला केन्द्रमा यस किसिमको प्रवृत्ति देखिन्थ्यो भने हाल प्रवृत्ति विष सरह प्रदेशमा पनि विस्तार हुँदै गएको छ। प्रदेशमा साइकल वितरण , बजेट बिनियोजन ,पदाधिकारी नियुक्ति रकम भुक्तानी , सवारी साधनको लाइसेन्स वितरण , गुठी जग्गा , जिल्ला प्रशासनमा नागरिकता वितरण , मालपोतमा घुसका सन्दर्भहरु , मन्त्री भ्रष्टाचारी ठहर हुनु कुशासनरुपी विष हुन्। मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउत नेतृत्वका सरकारका अर्थमन्त्री विजयकुमार यादव अख्तियारबाट भ्रष्टाचारी ठहर भएका छन् । यस अघि पनि विकास निर्माणका कतिपय योजनामा सचिवदेखि कर्मचारीलाई अख्तियारले भ्रष्टााचारी ठहर गरेको थियो तर पनि यो क्रम बढ्दै जानुप्रति कल्पनाशीलता नपुग्नु दुखद अवस्था नै मान्नु पर्दछ। अस्थिरता ,भ्रष्टाचार , कुशासन , बेथितिरुपी विषको उपचार जवाफदेहिता स्थापितबाट मात्र सम्भव छ।



विनोद परियार

विश्वमा आधुनिक प्रेसमा छपाइ सुरु भएको चार सय वर्षपछि १९०८ सालमा बेलायत भ्रमणबाट फर्कंदा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले नेपालमा प्रेस (गिद्धे प्रेस) भित्र्याएका थिए। जङ्गबहादुरले प्रेस त भित्र्याए तर त्यो प्रेसमा अखबर छापिएन। प्रेस स्थापना भएको ४७ वर्षपछि मात्रै नेपालबाट 'सुधासागर' मासिक प्रकाशन शुरु भयो। सुधासागर प्रकाशन शुरु भएको तीन वर्षपछि मात्र १९५८ सालमा 'गोरखापत्र' को जन्म भयो । स्थापनाको हिसाबले गोरखापत्र दोस्रो भए पनि नेपाली पत्रकारिता इतिहासमा यो नै जेठो अखबरका रुपमा स्थापित छ । नियमित रुपमा प्रकाशित गोरखापत्रलाई नै आधार मान्दा नेपाली पत्रकारिताले एक सय २४ वर्षको यात्रा तय गरेको छ। यस अवधिमा नेपाली मिडियामा दलित त्यसमा पनि दलित महिला पत्रकारहरुको अवस्था के छ भन्ने प्रश्न संवेदनशील र महत्वपूर्ण छ।

नेपाली मिडियाको विकास राज्यको शासन प्रणालीसँग पनि जोडिन्छ । राणाकालमा पत्रकारिताको विकास नै भएको थिएन । २००७ सालमा प्रजातन्त्रको उदयसँगै पत्रकारिता वामे सरेको हो । रेडियो नेपालको स्थापना, निजी क्षेत्रबाट पत्रपत्रिकाहरु प्रकाशनले जबर जस्त नेपाली मिडियाको विकासक्रम शुरु भयो। तर २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले शासन सत्ता हातमा लिएपछि मिडियाको स्वतन्त्रतामा अङ्कुश लाग्यो। निर्दलीय पञ्चायतकालमा पत्रकारिताको विकासका लागि तत्कालीन सरकारी तहबाट रासस, प्रेस काउन्सिल नेपाल, नेपाल टेलिभिजन खुले। ती सरकार नियन्त्रित भएकाले जनताको सवालमा केन्द्रीत थिएनन्।

नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछि मात्रै नेपालमा सञ्चार क्षेत्र विस्तार भएका हो । जहानिया राणा शासनबाट प्रजातन्त्र, पञ्चायत, बहुदल हुँदै अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा मिडियाको अनुहारमा विविधता कति झल्कियो ? मुलुकको शासन व्यवस्था र राज्यलाई समावेशी बनाउन खबरदारी गर्ने मिडिया कति समावेशी भए ? यो प्रश्न आजको दिनमा पनि उत्तिकै महत्वपूर्ण छ। 'आवाजविहीनको आवाज' सञ्चारमाध्यमको मूलमन्त्र नै हो । के नेपाली सञ्चारमाध्यमले यो मन्त्रलाई आत्मसाथ गरेका छन् त ? यो प्रश्नको उत्तर खोज्न अब बहस र छलफलको खाँचो छ । २०६२/६३ सालको जनआन्दोलनपछि जसरी राज्य पुर्नसंरचना भयो, त्यसैगरी नेपाली मिडियामा पनि पुर्नसंरचना हुनुपर्छ कि पर्दैन ? यिनै प्रश्नको सेरोफेरोमा नेपाली मिडियामा दलित महिलाको अवस्थाबारे चर्चा गर्ने प्रयत्न गरिएको छ।

### नेपाली मिडियामा दलित महिला पत्रकार

विसं १९५५ मा नेपालबाट प्रकाशित सुधासागरदेखि गोरखापत्र हुँदै आजको डिजिटल मिडियाको युगसम्म आइपुग्दा नेपाली मिडियामा समावेशिताको सवालमा अध्ययन अनुसन्धान र बहसहरु हुन थालेको छ। मिडियामा दलित त्यसमा पनि दलित महिला पत्रकार हरुको सहभागिताको विषय जटिल र संवेदनशील छ। नेपाली छापा पत्रकारिताको इतिहासमा पहिलो पत्रकार महिलाका रुपमा साधना प्रधान र कामक्षादेवी रहेको कुरा ग्रीष्मबहादुर देवकोटाद्वारा लिखित 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' पुस्तकमा उल्लेख छ। उहाँहरुले २००८ सालमा महिला मासिकको सम्पादक भएर काम गर्नुभएको थियो । यस्तै २०१३ सालमा टीआर विश्वकर्माको सम्पादनमा प्रकाशित समाजसेवा नामक बुलेटिन पहिलो दलित छापा पत्रिकाको रुपमा प्रकाशित भएको जेवि विश्वकर्माद्धारा लिखित 'नेपाली मिडियामा दलित सहभागिता र विषयवस्तु' नामक पुस्तकमा उल्लेख गर्नुभएको छ। त्यसपछि २०२० सालमा मुक्ति, २०२६ सालमा दलित आवाज, २०३० सालमा दलित बुलेटिन प्रकाशित भएको पाइन्छ।

यी पत्रिकाहरुले जातीय भेद्भाव, छुवाछूत र दलित अधिकारका विषयका सामग्री पस्किने गर्दथ्यो । २०३५ सालमा टिआर विश्वकर्मा नै सम्पादक रहेर प्रकाशित सञ्जिवनी पत्रिकामापछि उहाँकै श्रीमती मिठाइदेवी विश्वकर्मा सम्पादक भएर काम गर्नुभएको थियो। २०४८ सालमा दर्ता भई विनोद पहाडी सम्पादकत्वमा रहेको नेपाली मञ्च लामो समयसम्म दलित समुदायको विषयलाई केन्द्रमा राखेर प्रकाशित हुने म्यागेजिन पत्रिका हो। यसैगरी २०५५ सालतिर जनउत्थान प्रतिष्ठानद्वारा संस्थापकका रुपमा डा. मानबहादुर विके (डिके सेवक) र डिवि सागर विश्वकर्मा रहेको जनउत्थान मासिक प्रकाशित भएको देखिन्छ।

एक त पत्रकारितामा दलित समुदायको उपस्थिति नै चुनौतीपूर्ण रहेको अवस्थामा दलित महिला पत्रकार हरुको उपस्थिति हुने कुरा कल्पनाभन्दा बाहिरको थियो। पञ्चायतकालमा दलित समुदायबाटै पत्रकारितामा आउने कुरा अकल्पनीय विषय थियो । दलित आन्दोलनसँग जोडिएर लेख्ने कामहरु भए पनि सञ्चारमाध्यमसँग जोडिने अवस्था भने २०४६ सालको परिवर्तनपछि सम्भव भएको हो। नेपालमा रेडियो स्थापनाको लहर चले पनि दलित समुदायको विषयलाई केन्द्रमा राखेर रेडियोहरु खुलेका थिएन। २०६४ सालमा जागरण मिडिया सेन्टरले बुटवलमा रेडियो जागरण स्थापना गरेको छ। यो नै दलित सञ्चारकर्मीहरुको लगानी र सक्रियतामा खुलेको पहिलो एफएम रेडियो हो । त्यसपछि नेपालगञ्जमा प्रतिबोध एफएम खुलेको थियो।

> **एक त पत्रकारितामा दलित समुदायको उपस्थिति नै चुनौतीपूर्ण रहेको अवस्थामा दलित महिला पत्रकारहरुको उपस्थिति हुने कुरा कल्पनाभन्दा बाहिरको थियो ।**

नेपाली पत्रकारहरुको साझा छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको सात दशक लामो इतिहासमा एक जना पनि दलित र महिला अध्यक्षमा निर्वाचित भएका छैनन्। २०५३ सालमा महासङ्घको रुपन्देही शाखाको अध्यक्षमा पहिलोपटक दलित समुदायबाट विनोद पहाडीले अध्यक्ष भएर नयाँ रेकर्ड बनाउनुभयो। महासङ्घमा २०१९ असोज १५ मा भएको सात सदस्यीय कार्यसमितिमा 'स्वास्नीमान्छे' पत्रिकाका सम्पादक शशिकला शर्मा सदस्य भएर पहिलो महिला सदस्य र २०६५ सालमा बल्ल दलित कोटामा खुल्ला प्रतिस्पर्धाबाट निशा विश्वकर्मा पहिलो पटक निर्वाचित हुनुभएको थियो। त्यसअघि २०५९-२०६१ को कार्यकालमा उपाध्यक्षमा उमिद बागचन्द निर्वाचित भएर दलित समुदायको उपस्थिति जनाउनुभएको थियो। २०६१-२०६४ मा केन्द्रीय सदस्यका रुपमा विनोद पहाडीको सहभागिता रह्यो । उहाँहरुको सहभागिताले महासङ्घलाई समावेशी बनाउने विषय नीतिगत रुपमा उठेको हो।

नेपाली मिडियामा दलितको सवालमाथि संस्थागत हिसाबले बहस र छलफलको शुरुआत २०५७ सालमा जागरण मिडिया सेन्टर स्थापना भएपछि भएको देखिन्छ । शुभाष दर्नाल संस्थापक अध्यक्ष रहेको यस संस्थाले नेपाली मिडियामा दलितको विषयवस्तुमाथि मिडिया पैरवी सञ्चालन गर्ने काम गऱ्यो। त्यसो त २०५७ सालमा नेपाली मिडियामा दलित सहभागिताबारे मार्टिन चौतारीले देशभरिका ११४ वटा पत्रपत्रिकाको अध्ययन गरेको थियो। अन्य विभिन्न लेखकहरुले समेत दलित र मिडियाका बिषयमा अध्ययन अनुसन्धान गरेको देखिन्छ। ती अध्ययनमा पनि मिडियामा दलितहरुको सहभागिता निकै न्यून नै देखिन्छ। नेपाल पत्रकार महासङ्घको २०७७ सालसम्मको तथ्याङ्क अनुसार १३ हजार ७७ जनामध्ये १० हजार ६९९ पुरुष, दुई हजार ४०८ महिला छन्। यसमध्ये करिब पाँच प्रतिहत दलित समुदायका पत्रकारहरुको सङ्ख्या छ। राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालमा देशभर एक हजार चार सय दलित समुदायका पत्रकार आवद्ध रहेको बताइएको छ । यसमा चार सयको हाराहारीमा महिला पत्रकार छन्।

### समावेशितामा मिडिया कमजोर

'आमसञ्चार र समावेशि पत्रकारिता पुस्तक'का लेखक तारामणि सापकोटाले नेपाली मिडियामा समावेशिताको अवस्था निकै नाजुक रहेको तथ्याङ्क उल्लेख गर्नुभएको छ। सरकारी सञ्चारमाध्यम गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपालमा पत्रकारको सङ्ख्यामा खस आर्य समुदायको पत्रकारको वर्चस्व छ भने मधेशी, महिलाको तुलनामा मुस्लिम र दलितको सङ्ख्या न्यून छ। यस्तै गोरखापत्रमाको हालत पनि उस्तै छ। स्थायी, करारमा पनि दलितको सहभागिता छैन । गोरखापत्र र राईजिङ नेपालमा स्थायी, करार र स्ट्रिन्जर गरी कुल १७७ जनामा स्ट्रिन्जरमा दलित समुदायको ४ जनाको मात्रै प्रतिनिधित्व छ । सरकारी लगानीकै रेडियो नेपालमा पनि दलितको उपस्थिति निकै कमजोर छ । रेडियो नेपालमा २०७८ असारसम्म कार्यरत ज्यालादारी १३२ मध्ये तीन मधेशी दलितसहित जम्मा १३ जना कार्यरत छन्। हाल नेपाल टेलिभिजनबाट नियमित रुपमा 'दलित आवाज' कार्यक्रम सञ्चालन भइरहेको छ। २०७८ असारसम्मको तथ्याङ्क अनुसार राष्ट्रिय समाचार समितिमा २०८० असोजसम्मको तथ्याकमा स्ट्रिन्जर र स्थायी अस्थायी गरी २८४ जनामध्ये दलित समुदायका पत्रकारहरु १२ जना रहेको तथ्याङ्क आमसञ्चार र समावेशी पत्रकारिता पुस्तकमा उल्लेख छ। निजी मिडियामा औलामा गन्न सकिने पत्रकारहरुको सङ्ख्या छ । मिडियासँग सम्बद्ध दलित समुदायका पत्रकार हरुको संस्थाको नेतृत्व गर्ने महिलाहरुमा जागरण मिडिया सेन्टरका अध्यक्ष कमला विश्वकर्मा, क्रियाशील दलित पत्रकार संघको अध्यक्षका रुपमा पवित्रा सुनार हुनुहुन्छ।

यी तथ्याङ्कहरुको आधारमा सरकारी सञ्चारमाध्यमदेखि निजी क्षेत्रका सञ्चारमाध्यममा खसआर्य त्यसमा पनि पुरुषकै बर्चस्व देखिन्छ । अब यसलाई रुपान्तरण गर्दै समाजको पिँधमा पारिएको दलित समुदाय त्यसमा पनि महिला पत्रकारहरुको उपस्थिति बढाउनका लागि अब नयाँ शिराबाट बहस गर्न जरुरी छ। यतिसम्मकी नेपाली मिडियामा दलित महिला पत्रकारहरुको सन्दर्भमा यकिन तथ्याङ्क समेत छैन। यस विषयमा नेपाली पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासङ्घ, राष्ट्रिय दलित पत्रकार संघ नेपाल, सञ्चारिका समूह, क्रियाशील पत्रकार महिला, विभिन्न पार्टी निकटका पत्रकार सम्बद्ध संगठनहरुको ध्यान दिन जरुरी छ।

### अब के गर्ने ?

विश्वमा देखा परेको आर्थिक सङ्कटले समग्रमा पत्रकारिता क्षेत्र नै सङ्कटमा परेको छ। यस्तो अवस्थामा नेपाली मिडिया कुन हदसम्मको सङ्कटमा छन् भन्ने कुरा ठूला अखबारहरु दुब्लाउँदै जानुले पुष्टि गर्छ। अझै पनि जातीय, लैंगिक, क्षेत्रीय, भाषिकलगायतका विभेदहरुविरुद्ध जागरण पैदा गर्नुपर्ने अवस्था छ । सामाजिक न्यायको प्रश्न उत्तिकै जटिल बनेको छ। नेपाली समाजमा जातीय छुवाछूतका घटना कहालीलाग्दो अवस्थामा छ। यस्तो अवस्थामा मिडियाको भूमिका थप सशक्त हुनु पर्नेछ। नेपाली मिडियाले दलित तथा सिमान्तकृत समुदायको मुद्धा उठाइरहेका छन् तर, त्यो पर्याप्त छैन।

दलित समुदायभित्र मधेशी दलित र दलित महिलाको अवस्थामा नेपाली मिडियाले मुद्धा उठान गर्न सकेका छैनन्। यसका लागि मिडियामा दलित महिला पत्रकार हरुको सहभागिता बढाउनै पर्छ । सरकारी र निजी दुवै क्षेत्रका मिडियाले आफूलाई समावेशी चरित्रको बनाउन आलटाल गर्नु हुँदैन। महिला पत्रकारहरुको विषयमा जति बहस छलफल हुन्छन्, त्यस्ता ठाउँमा पनि दलित महिला पत्रकारहरुको सहभागिताबारे अब बहस हुन जरुरी छ। नेपालको संविधान २०७२ को धारा २८३ मा सवैधानिक अङ्ग, निकायमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ भनिएको छ। यस अनुसार सञ्चारसँग सम्बन्धित निकायहरुको सञ्चालक समिति समावेशी गराउन सूचना तथा प्रविधि मन्त्रालयले तत्काल ध्यान दिनुपर्छ।

आम सञ्चार नीति २०७३ का आधारमा नेपाली सञ्चारमाध्यमलाई समावेशी बनाउने, उत्पीडित उपेक्षित समुदायलाई पत्रकारितामा प्रोत्साहनका लागि छात्रबृत्ति प्रदान गर्ने तथा समावेशि सिद्धान्तमा आधारित सञ्चार कानुन निर्माण गर्न दबाब दिन आवश्यक छ । सरकारी तथा निजी दुवै क्षेत्रका मिचार कक्ष समावेशी बनाउनु पनि आवश्यक छ। नेपाल पत्रकार महासङ्घको विधानले समावेशिता नीति पालना गरेको भए पनि आरक्षित कोटाबाहेक अन्य पदमा दाबी गर्न नदिने प्रबृत्ति बढ्दै गएको छ। अहिलेको वर्तमान प्रवृतिले दलित महिला पत्रकारहरु नेतृत्व तहमा पुग्न कठिन देखिन्छ। यसका लागि पेशागत र मुद्धाका हिसाबले पत्रकारिता गर्ने सङ्गठनहरुले अभियान चलाउन आवश्यक छ।

**निष्कर्ष** :

नेपाली मिडियामा दलित त्यसमा पनि दलित महिला पत्रकारहरुको उपस्थिति न्यून नै देखिन्छ। यद्यपि मूलधारका मिडियामा दलित महिलाहरुको उपस्थिति छिटफुट रुपमा भए पनि देखिन थालेको छ । अहिले मूलधारका मिडियामा उपस्थिति बिस्तारै बढ्दैछ तर त्यस्ता पत्रकारहरुको उपस्थिति दिगो बनाउने चुनौती छ। मिडियामा दलित महिला पत्रकारको उपस्थिति आफैँमा एउटा ठूलो उपलब्धि हो। वर्षौंदेखि भोग्दै आएको विभेद, सामाजिक रुपमा बहिष्करणमा परेका समुदायको आवाज सञ्चारमाध्यममार्फत उजागर गर्दा मिडियाप्रति भरोसा र विश्वास बढाउने छ । मूलधारका मिडियामा दलित महिला पत्रकारहरुको अनुहार देखिएको त छ तर ती पत्रकारहरु पेसागत असुरक्षाका कारण पलायन भइरहेका छन् । समावेशिताको सवालमा नेपालका मिडियाहरुले प्रभावकारी भूमिका खेलेको विगतको उदाहरण हामीसँग छ। यसर्थ सरकारले समावेशी सिद्धान्तअनुसार सञ्चार क्षेत्रका कानुनहरु निर्माण गर्न ध्यान दिनुपर्छ।

नेपाल पत्रकार महासङ्घलगायतका पेशागत सङ्गठनहरुले दलित महिला पत्रकारहरुको क्षमता विकाससँगै नेतृत्वमा स्थापित गर्नका लागि पहल गर्न भूमिका खेल्नुपर्छ। पत्रकारिता आफैँमा चुनौतीपूर्ण पेशा हो तर, समाज रुपान्तरण, सामाजिक जागरणको दृढ सङ्कल्प बोकेर पत्रकारिता गरेका दलित महिला पत्रकार हरुलाई पेशामा टिकाउन सरकारले 'विशेष प्रोत्साहन र संरक्षण' को नीति लिन आवश्यक छ। दलित महिला पत्रकारहरुको सहभागिता नेपाली मिडियामा बढाउन सक्दा सामाजिक न्याय, समावेशिताको मुद्धालाई समेत न्याय हुनेछ। (परियार नेपाल पत्रकार महासङ्घ रुपन्देहीका सचिव हुनुहुन्छ )रासस

# ८३ वर्षअघि योगमायाले गरेको विद्रोह

**तेजनाथ दंगाल**

विधाताको सृष्टि अपुरो र अधुरो छैन । हरेक वस्तुको उत्पत्तिको आ-आफ्नै उपादेयता रहेको हुन्छ । एउटा फूल अङ्कुराउँछ, फूल्छ र सुगन्ध छरेर विलीन हुन्छ । यो सृष्टिको प्राकृतिक नियम हो। हामी यसलाई प्रकृतिको नियम भनौँ या विधाताको खेल खासै तात्त्विक भिन्नता पाइँदैन।

नेपाल ज्ञानभूमि, तपोभूमि र तेत्तीसकोटी देवताहरूको वासस्थान हो। पुराण तथा उपनिषद्का पाना पल्टाउँदा कैयौँ ऋषिमुनि तथा तपस्वीले परमगति प्राप्त गरेको आख्यान पाइन्छ।

नेपालको भोजपुर जिल्ला जुन धार्मिक, आध्यात्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले अग्रणी मानिन्छ। बालगुरु षडानन्दजस्ता ज्ञानी तपस्वी व्यक्तिको सालनाल गाडिएको पावन भूमिमा १९२४ सालमा योगमाया कोइरालाको जन्म भएको थियो । पिता श्रीलाल न्यौपाने (उपाध्याय) र माता चन्द्रकला न्यौपानेकी ज्येष्ठ सुपुत्रीका रूपमा योगमायाले यस धर्तीमा पहिलो पाइलो टेकेकी थिइन्। उनी भोजपुर जिल्लाको साबिक नेपालेडाँडा गाविसको मझुवा बेसीको एक कट्टर ब्राह्मण परिवारमा जन्मेकी थिइन् । परम्परागत शास्त्रीय मान्यताले त्यस परिवारमा जरा गाडेको थियो । यसैको फलस्वरूप सात वर्षको उमेरमा मातापिताले उनलाई मनोरथ कोइरालासँग वैदिक विधि-विधानका साथ विवाह गरिदिए।

यस घटनालाई सिंहावलोकन गर्ने हो भने योगमायाले तत्कालीन समाजको गालामा जमाएर एक थप्पड हानेकी थिइन्, किनभने त्यस बखतमा विधवाले विवाह गर्नु भनेको समाजको दृष्टिमा बर्खिलाप थियो।

तत्कालीन समयमा सासूहरू बुहारीमाथि शासन चलाउँथे। यो खप्न नसकेर योगमाया माइत आइन्। केही समय त उनी माइतमा बसिन् तर विवाह गरेकी छोरीले माइतीघरमा बस्नु हुँदैन भन्ने दबाब परेपछि उनी बुहार्तन खप्न आफ्नै पतिको घर फर्किन्। यसैबिच दश वर्षको उमेरमा उनका पति मनोरथ कोइरालाको देहावसान भयो । एउटी अबोध र अबला नारीको सर्वस्व ठानिएको पतिको मृत्युले उनको जीवनमा ठुलो बज्रपात भयो। तत्कालीन समाजको शब्द सापट लिने हो भने उनी बाल विधवा हुन पुगिन्। उनलाई परिवार र समाजले लोग्ने टोकुवाको संज्ञा दिन थाले। अपवाद भन्नु या विचारोत्तेजक अनुमानमा केही आधुनिक आख्यानकारले योगमायाले त्याग गरेपछि उनका पति मनोरथ कोइरालाले अर्को विवाह गरेका थिए पनि भनेका छन्, जसमाथि अनुसन्धानको झटारो हान्नुपर्ने देखिन्छ। किशोरी अवस्थामा पुगेपछि योगमायाले छिमेकी एक कँडेल थरका केटासँग प्रेमविवाह विवाह गरिन्।

यस घटनालाई सिंहावलोकन गर्ने हो भने योगमायाले तत्कालीन समाजको गालामा जमाएर एक थप्पड हानेकी थिइन्, किनभने त्यस बखतमा विधवाले विवाह गर्नु भनेको समाजको दृष्टिमा बर्खिलाप थियो। दोस्रो विवाह गरेपछि योगमाया भोजपुर छाडेर आसामतिर गइन्। एक सुपुत्रीलाई जन्म दिइन्। भाग्यको खेल जानिसक्नु छैन, विधाताले कोरेको भाग्यरेखामा हिँड्नु मानवको बाध्यता हो, जुन मानवले नचाहेर पनि स्वीकार गर्नुपर्छ।

योगमायाले छोरी र दोस्रो पतिलाई छाडेर डोटेल थरको तेस्रो पतिसँग विवाह गरेकी थिइन् भन्ने धारणा केही आख्यानकारले राखेका छन् भने अर्का थरी आख्यानकारले उनको दोस्रो पतिको देहावसान भएपछि मात्र डोटेल थरका अर्का केटासँग विवाह गरेकी थिइन् भन्ने धारणा राखेको पाइन्छ। केही इतिहासकारहरू उनले दुई पुत्रीलाई जन्म दिएकी थिइन् भनेर विवाद गरेको पाइन्छ तर अभिलेखमा उनकी एक छोरी नैनकलाको नाम मात्र छ। जीवनमा अनेक मोड र घुम्तीहरू आए योगमायाको जीवनमा। भाग्यको लहरमा लहरिँदै योगमाया छोरी नैनकलालाई लिएर आफ्नो सालनाल गाडिएको माटो भोजपुरको मझुवा बेसीमा आइपुगिन्। मझुवा बेसीमा उनले आफ्नी छोरी नैनकलालाई भाइ अग्निधर न्यौपाने र बुहारी गंगाको पोल्टोमा सुम्पेर आफ्नो कर्तव्य पथमा लागिन्। योगमाया वास्तवमा विधाताले खटाएको एक चरित्र पात्रजस्तो थिइन् । उनले जीवनका आरोह-अवरोहमा विभिन्न धार्मिक कविताहरूको रचना गरेकी थिइन्, जुन पुस्तकको रूपमा सङ्ग्रह भएको थियो भन्ने भनाइ छ। नेपालबाट आसामतर्फको पलायन योगमायाको जीवनमा कोसेढुङ्गा साबित भयो। आसाम बसाइका क्रममा योगमाया हिन्दु सुधारवादी नेता दयानन्द सरस्वतीका विचार र सिद्धान्तले गहिरो प्रभाव परेको थियो।

योगमायाले आर्जन गरेको ज्ञान अथाह थियो । उनको ध्यान साधनको गहिराइको मापन गर्न कठिन थियो।

१९७४ सालबाट योगमायाले नेपालका विभिन्न भागमा धार्मिक यात्राको प्रारम्भ गरिन् । यात्राका समयमा उनले विभिन्न विख्यात धार्मिक व्यक्तित्वहरूको प्रवचन र ज्ञान पाइन् साथै धार्मिक विषयमा चर्चा पनि गरिन् । यसबाट उनी धर्म गुरुहरूको चर्चाको पात्र बन्न पुगिन्। यसै क्रममा योगमायाले स्वर्गद्वारी महाप्रभु अभयानन्द दोस्रोसँग जोसमनी सन्तपरम्परा अनुसार आत्मिक योगशिक्षा लिइन् । यसपछि योगमायाले आफ्नै गृहग्राममा विभिन्न किसिमका योगसाधना र ध्यान गरिन्। योगमायाले आर्जन गरेको ज्ञान अथाह थियो। उनको ध्यान साधनको गहिराइको मापन गर्न कठिन थियो । उनी जटिलभन्दा जटिल ठानिएका ध्यान साधना सहज रूपमा गर्न सक्थिन्। उनी गर्मीमा बाक्लो लुगा लगाएर अग्नि ताप्ने गर्थिन् भने जाडोमा चिसो गुफामा बसेर ध्यान गर्थिन्। कैयौँ दिनसम्म पानी मात्र पिएर साधना गर्थिन् । योगमायाको ज्ञान र योग साधनाको चर्चा क्रमिक रूपमा भोजपुरभर हुन थाल्यो। उनको आध्यात्मिक ज्ञान र कविताबाट प्रभावित भएर मझुवाबेसीका भीमबहादुर बस्नेतले एक कुटी (आश्रम) बनाइदिएर त्यहाँबाट प्रवचन गराउन थाले। उनीद्वारा रचिएका धार्मिक कवितालाई पछि सिक्किमबाट प्रकाशन गरिएको थियो। योगमायाको यस प्रकारको सुधारवादी गतिविधिलाई कट्टर मानिएको तत्कालीन समाजले पचाउन सकेन । कठोर परम्परावादी र भेदभाव ग्रसित समाजमा योगमायाको कदम एक प्रकारको जेहाद नै थियो । पितृसत्तात्मक समाजमा महिला माथिको भेदभाव असह्य थियो भने उपल्ला जात मानिएका दलित र आर्थिक पिछडा वर्गको अवस्था नारकीय थियो।

उनका सुधारवादी आध्यात्मिक कविताहरूले भोजपुर, दार्जिलिङ, सिक्किम र काठमाडौँमा प्रभाव फैलाइरहेका थिए । अर्कोतर्फ उनको अभियानले भोजपुरका तत्कालीन सामन्तहरूको सातो उडाइरहेको थियो। पितृसत्तात्मक धारणाले महिला र समाजमाथि बन्चरो हान्दै आएका सामन्तहरूले केन्द्रीय प्रशासन र धनकुटाका तत्कालीन बडाहाकिमलाई योगमाया र उनका अनुयायीले सञ्चालन गरेको अभियान रोकिनुपर्छ भनेर माग गर्न थाले, जसले नेपालको तत्कालीन जहानियाँ राणाशासनको खुट्टा कमाएको थियो।

योगमायाको सुधारको अभियान भोजपुरमा मात्र सीमित थिएन। उनको अभियान देशव्यापी थियो। राणाशासकको भ्रष्ट व्यवहार र भेदभावपूर्ण नीतिको अन्त्य गरिनुपर्छ भनेर १९८८ सालतिर प्रेमनारायण भण्डारीलाई आफ्नो दूत बनाएर केन्द्रीय सत्तालाई जानकारी दिन काठमाडौँ पठाइन् । प्रेमनारायण भण्डारीलाई तत्कालीन प्रधानमन्त्री जुद्धशमशेर जबराले स्वागत गरी योगमायाका मागहरू प्रस्तुत गर्न लगाएका थिए, तर उनको यस कदमलाई जुद्धशमशेरले खासै महत्त्व दिएनन् । १९९३ सालमा भण्डारीलाई पुनः काठमाडौँ पठाइयो। राणाहरूको भ्रष्ट गतिविधिमा कुनै परिवर्तन आएको थिएन । यसपछि योगमाया आफ्नी छोरी नैनकलालाई लिएर काठमाडौँ आइन्।

१९९५ कात्तिक २६ गते अग्नि समाधि लिने दिन तय भयो। यस कदमलाई रोक्नका लागि १९९५ कात्तिक २५ गते नै धनकुटाबाट पाँच सयभन्दा बढी फौज परिचालन गरी ११ पुरुष अनुयायीलाई धनकुटा कारगारमा जाकियो भने योगमाया र उनकी छोरी नैनकलालाई गिरफ्तार गरी भोजपुरको राधाकृष्ण मन्दिरमा बन्दी बनाएर राखियो।

जुद्धशमशेरले उनलाई स्वागत गरी आफ्नो माग प्रस्तुत गर्न लगाए। योगमायाले त्यस समयमा भनेकी थिइन, 'सत्य धर्मको भिक्षा ।' जुद्धशमशेरले उनको मागलाई पूरा गर्ने आश्वासन दिएका थिए। यसैबिच योगमायाले २४ बुँदे अपिलपत्र बुझाइ यो कार्य नभएमा स्थापित सत्ता हल्लाउनुका साथै अर्को वर्ष विशेष धक्काको कार्यक्रम ल्याउने चेतावनी दिएर भोजपुर फर्केकी थिइन्। राणाशासकहरू भारतको राष्ट्रिय आन्दोलनबाट झस्किरहेका थिए भने प्रचण्ड गोर्खाकाण्डले सातो नै उडाएको थियो। यसै कारणले पनि जुद्धशमशेरले योगमायाका मागलाई हावामा उडाउँदै गएका थिए। योगमायाले पुनः असभ्य, भ्रष्ट शासन चलाइरहेका राणा शासकलाई सुधारको बाटोमा आउन आग्रह गरिन् । अन्धविश्वास र परम्परावादी जड अभ्यासको अन्त्य छिटोभन्दा छिटो होस् भन्ने आग्रहलाई दोहोऱ्याइन् । उनी सबै प्रकारका कुपरम्परा, कुसंस्कार र कुरीतिको अन्त्य गरी नयाँ युगको घोषणा गर्न कम्मर कसेर लागेकी थिइन् तर जुद्धशमशेरले उनको माग पूरा नगरेपछि उनी र उनका २४० अनुयायीले अग्नि समाधि लिने निर्णय गरे । यसका लागि कात्तिक शुक्ल पूर्णिमाको दिन अग्नि समाधि लिने निर्णयको जानकारी तत्कालीन धनकुटा गौडाका बडाहाकिम माधवशमशेरमार्फत जुद्धशमशेर कहाँ पुऱ्याइयो।

१९९५ कात्तिक २६ गते अग्नि समाधि लिने दिन तय भयो। यस कदमलाई रोक्नका लागि १९९५ कात्तिक २५ गते नै धनकुटाबाट पाँच सयभन्दा बढी फौज परिचालन गरी ११ पुरुष अनुयायीलाई धनकुटा कारगारमा जाकियो भने योगमाया र उनकी छोरी नैनकलालाई गिरफ्तार गरी भोजपुरको राधाकृष्ण मन्दिरमा बन्दी बनाएर राखियो। केही समयपछि योगमाया र नैनकलालाई बन्दी अवस्थाबाट मुक्त गरियो भने अन्यलाई तीन महिनापछि मुक्त गरियो । बाँकी बन्दीहरूलाई १९९८ चैतमा मात्र छाडिएको थियो। अग्नि आहुतिको अभियानमा शासकीय हस्तक्षेप बर्बरतामा उत्रिएको थियो।

कैयौँलाई पत्राउपछि यातना दिइयो। केही समयको कारवासबाट मुक्त भएपछि योगमायाका अनुयायी पुनः एकजुट हुन थाले। अग्नि समाधिको असफलतापछि उनीहरूले अर्को कठोर निर्णय लिनका लागि गोप्य बैठक बसे। गोप्य बैठकको फलस्वरूप उनीहरूले जल समाधि लिने निर्णय गरे। यसका लागि अरुण नदी चयन गरिएको थियो। १९९८ असार २० गते हरिशयनी एकादशीको दिन सबै अनुयायीसहित जल समाधिमा जाने निर्णय भयो।

सरसर्ती हेर्दा एउटा आख्यानजस्तो लाग्ने अजम्बरी घटनाले कैयौँलाई कथाको आभास देला भने कैयौँलाई युगान्तकारी नारीको वेदना। यो जल समाधिमा सहभागी हुन योगमाया र उनका छनोटका अनुयायी मात्र थिए। यो कठोर जल समाधिको यात्रा १९९८ असार १९ गते राति जाने र बिहानीपख समाधिमा जाने अठोट भएको थियो। समाधिको पूर्वसन्ध्यामा योगमाया र उनकी छोरी नैनकला एवं अरू ६४ जनाले टाउकोमा दियो बत्ती बालेर पहाडको टुप्पोमा पुगी असार २० गते बिहान सबेरै अरुण नदीमा फाल हालेर जल समाधि लिए। भोलिपल्ट बिहान थप अरू दुई अनुयायीले जल समाधि लिएका थिए । यस कठोर जल समाधि अभियानमा ६८ महिलाले आत्माहुति दिएका थिए भन्ने भनाइ पनि छ।

सरसर्ती हेर्दा एउटा आख्यानजस्तो लाग्ने अजम्बरी घटनाले कैयौँलाई कथाको आभास देला भने कैयौँलाई युगान्तकारी नारीको वेदना। एउटा युगान्तकारी युगप्रवर्तक प्रथम क्रान्तिकारी नारी योद्धा, हक, अधिकार र न्यायका लागि लड्ने नारी अभियन्ताका रूपमा योगमायालाई लिइन्छ । 'एक युगमा एक दिन एकचोटि आउँछ' भनेजस्तै १९९८ असार २० गतेको दिन क्रान्तिकारी महिलाले छाडेको विद्रोहको उभार थियो।

मानिसको जन्म निरर्थक छैन। जसले जीवन र जगत्लाई एउटै तराजुमा जोख्ने प्रयास गरे, त्यसबाट एउटा झिल्को निस्कन्छ, त्यही झिल्कोको पर्याय थिइन् योगमाया । उनले जीवनको आहुति दिएर जगत्मा उज्यालो छरेर गइन् । यही उज्यालोमा आलोकित भएकाहरूले परिवर्तनका ज्वारभाटा चलाउन सकेका छन् कि छैनन् ? योगमायाबाट प्रेरणा लिएर नारी बन्धनका साङ्ला चुँडाल्न सक्नेहरूको खोजी गर्नुपर्ने हो कि बाटो बिराइरहेका छन् ? यो खोजीको विषय भएको छ।

योगमाया एक चानचुने नारी पात्र होइनन् । उनी आफ्ना सत्कर्मले नेपालको इतिहासमा संवरण अक्षरले नाम लेखाउन जन्माइएकी सार्थकता प्रमाणित गर्ने नारी पात्र हुन्। आज उनका सम्बन्धमा विभिन्न नाटक, कविता तथा आख्यान लेखिएका छन्।

उनका सम्बन्धमा बार्बरा निम्री अजिज र माइकल हटले अनुसन्धान समेत गरेका छन् । योगमाया आज विश्वविद्यालयका समाजशास्त्र, मानवशास्त्र र महिला अध्ययनजस्ता विषयमा अध्ययन गरिने पात्र हो। योगमायाको योगदानको कदर गर्दै नेपाल सरकारले २०७३ सालमा हुलाक टिकट प्रकाशन गरेको छ। त्यसै गरी २०७६ सालमा योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक ल्याई सम्मान त जतायो तर यतिले मात्र उनको योगदानमूलक ऋण तिरिन्छ त ? यो गहन प्रश्नको जवाफ आज नेपालले खोजिरहेको छ।

यतिले मात्र योगमायाको योगदानको सम्मान पुग्छ जस्तो लाग्दैन । उनको सम्मान आधुनिक युगकी एक युग प्रवर्तक क्रान्तिकारी नारी अभियन्ताका रूपमा राष्ट्रिय विभूति घोषणा हुनुपर्छ। यसबाट योगमाया मात्र नभएर नेपालका सबै महिलाको सम्मान हुने कुरामा विश्वास गर्न सकिन्छ। नारीको योगदान र सम्मान नहुने घरमा भगवान्को पनि बास हुँदैन भन्ने शास्त्रीय आहानलाई स्वीकार गर्ने कि नगर्ने ? आजको वर्तमान युगको माग यही छ भन्ने लाग्छ।रातोपाटी

# संविधान संशोधन गर्ने आयोग बनाउने सहमति नभएको अध्यक्ष ओलीको स्पष्टोक्ति

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले संविधान कार्यान्वयनको प्रक्रियामा आवश्यकताअनुसार संशोधन गर्दै जानुपर्ने बताउनुभएको छ ।

पार्टीको सचिवालय बैठकमा अध्यक्ष ओलीले नेपाली कांग्रेससँग पनि यसै विषयमा छलफल भएको तर, संविधानका यी धारा र यी विषयमा परिवर्तन गर्ने भन्ने बारेका कुनै सहमति नभएको प्रष्ट पार्नुभयो । संविधान संशोधनको लागि आयोग बनाउने सहमति पनि नभएको उहाँले बताउनुभयो ।

अध्यक्ष ओलीले एमाले र कांग्रेसबीचको समीकरण राजनीतिक कामलाई केन्द्रमा नराख्ने र अस्थिरतामा रमाउने प्रवृत्तिका विरुद्ध कांग्रेस-एमाले एक ठाउँमा आउनु परेको उहाँले प्रष्ट पार्नुभयो । "संविधान एउटा गतिशील दस्तावेज हो, समाजको पथ प्रदर्शक हो, समाजलाई डोऱ्याउने मूल कानुन हो, यो मूल कानुन समय अनुकूल परिवर्तित, परिमार्जित हुँदै जानु उपयुक्त हुन्छ", उहाँले भन्नुभयो,"त्यसैले कतिपय कुरामा संविधान संशोधन गर्नुपर्छ भनेर भनेको हो । त्यसबारेमा विस्तृतमा पछि छलफल हुनेछ । अहिले धेरै कुरा बजारमा आएको बताउँदै अध्यक्ष ओलीले कांग्रेससँग यस विषयमा डिटेलमा कुनै कुरा



नभएको स्पष्ट पार्नुभयो ।

मन्त्रालय बाँडफाँट भएको छैन

उहाँले कांग्रेस र एमालेबीच मन्त्रालय बाँडफाँट नभएको बताउनुभयो । सरकारमा सबैदललाई स्थान दिने भन्ने विषयमा भने सहमति भएको उहाँले जानकारी दिनुभयो । उहाँले यदि उत्पादन बढाउन नसक्ने हो भने आयात वृद्धि हुने र नेपाल परनिर्भर हुने बताउनुभयो । सबै कुरा राष्ट्रिय उत्पादनमा निर्भर हुनेमा उहाँले जोड दिनुभयो ।रासस

स्थायित्व र विकासको लागि भएको बताउनुभयो । एमाले र कांग्रेस मिलेर संविधान र व्यवस्था नै समाप्त पार्न लागेको भ्रामक प्रचारप्रति उहाँले आपत्ति जनाउनुभयो । प्रदेशहरूमा महिना-महिनामा सरकार फेरिने स्थिति बनेका मापनि उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

अध्यक्ष ओलीको सचिवालयका अनुसार निजी र दलगत स्वार्थलाई केन्द्रमा राखेर गतिविधि सञ्चालन गर्ने, देशको विकास निर्माण र जनताका

# 'संसदीय समिति चलायमान र गतिशील हुनुपर्छ'

काठमाण्डु । प्रतिनिधिसभा सदस्यहरूले संसदीय समितिलाई चलायमान र गतिशील तुल्याउन आवश्यक रहेको बताउनुभएको छ । पूर्वाधार विकास समितिको बुधबारको बैठकमा सहभागी सदस्यहरूले मुलुकमा राजनीतिक उतारचढाव भइरहेको अवस्थामा विधेयक अघि बढाउन र पूर्वाधार निर्माणबारे अनुगमन गर्न समिति प्रभावकारी छ भन्ने बोध गराउनुपर्ने सुझाव दिनुभयो ।



जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउतले समितिका बैठक समयमै बस्ने तथा दिइएको निर्णय र निर्देशन कार्यान्वयन भएमा सदस्यहरू उत्साहित हुने मात्र नभई समितिको ओज पनि बढ्ने भनाइ राख्नुभयो । उहाँले भन्नुभयो, "मुलुकको समग्र बजेट विनियोजन, पूर्वाधार निर्माण तथा पुँजीगत खर्च विनियोजनका हिसाबले जिम्मेवारी र कार्यक्षेत्र ठूलो रहेको हुँदा त्यसमा तालमेल हुने गरी समिति गतिशील हुनुपर्छ ।"

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता तथा सांसद माधव सापकोटाले 'मिनि पार्लियामेन्ट'का रूपमा रहेका अधिकांश संसदीय समिति चलायमान, प्रभावकारी र गतिशील हुन नसकेको बताउनुभयो । "पूर्वाधार निर्माणका लागि विनियोजित पुँजीगत खर्च बढाउन आयोजनाको निरन्तर अनुगमन गरी सरकारलाई समयमै राय परामर्श प्रदान गर्ने भूमिकामा रहेका संसदीय समिति प्रभावकारी छ भन्ने सन्देश प्रवाह गराउन सक्नुपर्छ, त्यो भएको छैन", उहाँले भन्नुभयो ।

देश विकासका लागि क्यालेण्डर बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै नेता सापकोटाले कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसमेत आयोजनाको कार्यप्रगतिका आधारमा गरिने परिपाटी विकास गर्नुपर्छ भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता तथा समिति सदस्य ठाकुर गैरेले विकास आयोजनाको समयमा बोलपत्र आह्वान भए नभएको तथा अघि बढाइएका आयोजनाकोगुणस्तरअनुगमनरमुख्य जिम्मेवारीमा रहेका विधेयक अघि बढाउन समिति क्रियाशील हुनुपर्ने सुझाव दिनुभयो । "मनसुन सक्रिय भएसँगै बाढी, पहिरो र डुबानबाट क्षति पुगेका सडकलगायतका पूर्वाधारको मर्मतसम्भार गरी सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिन समितिले पनि भूमिका खेल्नुपर्छ", उहाँले भनाइ थियो ।

समिति सदस्य दिनेशकुमार यादवले सरकारले यस वर्षको बजेटमा कतिपय बहुवर्षीय आयोजनामा बजेट कटौती गरेको भनी आलोचना भइरहेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "रु १८ खर्ब बजेट विनियोजन भइरहँदा कतिपय महत्वपूर्ण आयोजनामा बजेट छुट्याइएन, बजेट र आयोजनाबीच तालमेल भएन । नदी तटबन्धका लागि बजेट विनियोजन नहुँदा बर्सेनि गाउँ नै डुबानमा परी जनता विचल्लीमा परेको अवस्था छ ।"


सोही दलका लक्ष्मी चौधरीले मनसुन सक्रिय भएसँगै बाढी, पहिरो र डुबानको चपेटामा परेका जनतालाई राहत दिन समितिले विशेष पहल गर्नुपर्ने धारणा राख्नुभयो । "मनसुनपछिको बाढी, पहिरो र डुबानबाट जनता मारमा परेका छन्, उनीहरुलाई राहत दिनुपर्ने बेलामा राजनीतिक दल विश्वासको मतको हानथापमा लागेका छन् । त्यसैले धेरै क्षति भएको ठाउँमा खाली हात होइन केही राहत लिएर जाऔँ, त्यसका लागि समितिले नेतृत्व गरोस्", उहाँले भन्नुभयो ।

एमाले सांसद महेश बस्नेतले चालु आर्थिक वर्षमा पुँजीगत खर्च ५७ प्रतिशतमा सीमित रहेको तर निर्माण व्यवसायीले अर्थ मन्त्रालयबाट रु ७० अर्ब रकम भुक्तानी पाउन बाँकी रहेको विषयमासमेत ध्यान दिन आवश्यक रहेको बताउनुभयो ।

सोही दलका निर्मला कोइरालाले बाढीपहिरोबाट अहिले कुन सडक भत्कियो भनिरहँदा कुन बाँकी छ भन्ने प्रश्न गम्भीर हुने बताउनुभयो । उहाँले भन्नुभयो, "भौगोलिक अवस्थाको ख्याल नगरी जथाभावी सडक खन्ने र टोलटोलमा पुऱ्याउने प्रतिस्पर्धाले जनता काल रुँगेर बस्न बाध्य छन् । बर्सातभर पहिरोको त्रास छ, तराईमा पानी नआउने चापाकल बर्सातमा डुबानमा परेर कहाँ छ भनेर खोज्न परिरहेको छ । यी विषयमा हामी गम्भीर बन्नुपर्छ ।"

माओवादी केन्द्रका सांसद उर्मिला माझीले पुँजीगत खर्चलाई पारदर्शी र प्रभावकारी तुल्याउँदै बाढीपहिरोबाट अस्तव्यस्त राजमार्गलाई यथाशीघ्र सञ्चालन गर्नेतर्फ सबैको जोडबल हुनुपर्छ भन्नुभयो ।रासस

# केन्द्रीय सदस्यको कार्यविभाजन गर्दै अध्यक्ष ओली



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले केन्द्रीय सदस्यको कार्यविभाजन गर्नुभएको छ । उहाँको अध्यक्षतामा जारी पार्टी केन्द्रीय सचिवालयको ३३औँ बैठकमा पार्टीका केन्द्रीय कमिटी सदस्यको कार्यविभाजन हेरफेरबारेमा छलफल सुरु भएको छ ।

बैठकले पार्टी सदस्यता नवीकरणको काम साउन मसान्तसम्म सम्पन्न गर्न निर्देशन गर्ने निर्णय गरेको छ । बैठकले जिल्ला अधिवेशन भइनसकेका जिल्ला कमिटीलाई सङ्गठन कमिटीमा रुपान्तरण गरेको छ । साथै, ती जिल्लाका अधिवेशन कात्तिक मसान्तभित्र गरिसक्न निर्देशन दिइएको पार्टीका केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

बैठकले पार्टीको भूमि व्यवस्था विभागको सचिवमा विजय सुवेदी र सहकारी तथा गरिबी निवारण विभागको सचिवमा परितोष पौडेललाई मनोनयन गर्ने निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ ।रासस

# परराष्ट्र सचिव नयाँदिल्ली जाँदै

काठमाण्डु । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) का परराष्ट्रमन्त्रीहरुको नयाँदिल्लीमा यही असार २७ र २८ गते हुने 'रिट्रिट'मा सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गर्दै परराष्ट्र सचिव सेवा लम्साल बुधबार त्यसतर्फ जानुहुने भएको छ ।

त्यस अवसरमा बिम्स्टेकको प्रारुपभित्र रहेर सहमति भएअनुरुप क्षेत्रीय चासो, सहयोग एवं साझेदारीका विषयलाई अझ सुदृढ बनाउने सम्बन्धमा छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । रिट्रिटमा सहभागी हुनुहुने बिम्स्टेक राष्ट्रका परराष्ट्रमन्त्री एवं प्रतिनिधिमण्डलका प्रमुखहरुले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग संयुक्त रुपमा शिष्टाचार भेट गर्ने कार्यक्रम रहेको उक्त मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

# 'स्थिर सरकारका लागि कांग्रेस-एमाले एकै ठाउँमा आयौँ'

झापा । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले स्थिर सरकार दिने उद्देश्यले संसद्का दुई ठूला दल नेपाली कांग्रेस र एमाले एकै ठाउँमा उभिएको बताउनुभएको छ ।

झापामा बुधबार आयोजित कार्यक्रममा उहाँले पटकपटक हुने सरकार परिवर्तनले मुलुकमा अस्थिरता सिर्जना गरेकाले त्यसलाई रोक्न दुई दल एकमत भएको बताउनुभएको हो ।महामन्त्री शर्माले दुवै दलको सहमतिअनुसार नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीले अब बन्ने सरकारको नेतृत्व गर्ने स्पष्ट पार्नुभयो ।

"एमाले नेतृत्वको सरकारलाई नेपाली कांग्रेसले काँध हाल्छ", उहाँले भन्नुभयो, "त्यही सरकारले मुलुकको वर्तमान सङ्कट समाधान गर्नेमा हामी आशावादी छौँ ।"

स्थानीय क्षेत्रको विकास निर्माणका लागि तीनै तहका सरकारबीच समन्वय जरुरी रहेको उल्लेख गर्नुहुँदै प्रतिनिधिसभा सदस्य शर्माले फरक आस्था र विचारबाट निर्वाचन जितेर आए पनि साझा प्रतिनिधि बनेर जनताको काम गर्न लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले त्यस अवसरमा मेचीनगर-५ स्थित सिर्जना चोकमा मेचीनगर सहलगानी आयोजनाअन्तर्गत चार सय ५० घनमिटरको ओभरहेड ट्याङ्कीको आज शिलान्यास गर्नुभयो । उक्त आयोजनाअन्तर्गत मेचीनगरका काँकडभिट्टा, धुलाबारी, चारआली र बाहुनडाँगी क्षेत्रमा खानेपानीका विभिन्न परियोजना सञ्चालन भइरहेका काँकरभिट्टा



खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका अध्यक्ष रोहितकुमार बुढाथोकीले जानकारी दिनुभयो ।

ओभरहेड ट्याङ्कीसहितको परियोजना मूल्य अभिवृद्धि करसहित कूल रु १० करोड ४८ लाख १९ हजार लागतमा निर्माण हुन लागेको हो ।

दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी ग्लोबल दिपेश जेभी काठमाडौँले काम गरिरहेको छ । कूल लागतमध्ये रु एक करोड ३१ लाख काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था र रु नौ करोड १७ लाख १७ हजार सङ्घीय सरकारले व्यहोर्ने अध्यक्ष बुढाथोकीले जानकारी दिनुभयो ।

यहाँ चार सय ५० घनमिटर र दुई सय २५ घनमिटरका गरी दुईवटा ओभरहेड ट्याङ्की, चारवटा बोरिङ, दुईवटा जेनेरेटर, दुईवटा ट्रान्सफर्मर, दुईवटा ट्रिटमेन्ट प्रणाली, ३५ किलोमिटर पाइपलाइन विस्तार र कार्यालय भवन निर्माण गरिने उहाँले बताउनुभयो ।

शिलान्यास समारोहमा संविधानसभा सदस्य रविन कोइराला, मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोख्रेल उप्रेती, नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेलगायतले परियोजनाको काम निर्धारित समयमै गुणस्तरीय रूपमा हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । महामन्त्री शर्माले बुधबारै बुद्धशान्ति गाउँपालिकास्थित टिमाइ खोलामा रु पाँच करोड ९८ लाख ८१ हजारको लागतमा बन्न लागेको झोलुङ्गे पुलको शिलान्यास गर्नुभएको छ । बुद्धशान्ति वडा नं ६ र ७ लाई जोड्ने पुल चार सय ७६ मिटर लामो हुनेछ ।

उहाँले पुल बनेसँगै स्थानीयवासीले उत्पादन गरेका कृषिउपजको बजारीकरण र पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो । प्रतिनिधिसभा सदस्य शर्माले पुल निर्माणपछि बुद्धशान्तिका वडा नं ६ र ७ लाई मात्र नभई इलामको रोङ गाउँपालिका वडा नं ५ र ६ का बासिन्दालाई समेत सहयोग पुग्ने उल्लेख गर्नुभयो ।रासस

# नेपाल अर्थोपेडिक अस्पताललाई शिक्षण संस्थामा विकास गरिनुपर्छ : नेता डा कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता तथा सांसद डा शेखर कोइरालाले जोरपाटीस्थित नेपाल अपाङ्ग सङ्घ नेपाल अर्थोपेडिक अस्पताललाई शिक्षण संस्थाका रूपमा पनि विकास गर्नुपर्ने बताउनुभएको छ ।

अस्पतालको निरीक्षणपश्चात नेता डा कोइरालाले अर्थोपेडिक उपचारसँगै स्नातकोत्तर तहको अध्ययन गर्ने शिक्षण संस्थाका रूपमा यस अस्पतालको विकास गर्दै लैजानुपर्ने बताउनुभएको हो । अस्पतालको पछिल्लो



अवस्था, उपचार पद्दति तथा यसका चुनौतीहरूका बारेमा जानकारी लिँदै नेता डा कोइरालाले अस्पतालका लागि राज्यका तर्फबाट नियमित बजेटको व्यवस्था र त्यहाँ कार्यरत जनशक्तिका लागि आवश्यक नियमित तालिम र अस्पतालको आधुनिकीकरणका लागि आफूले आफ्ना ठाउँबाट सक्दो पहल गर्ने आश्वासन दिनुभयो ।

> त्यस अवसरमा अस्पतालका मेडिकल निर्देशक डा कैलाश भण्डारीले अस्पतालको पछिल्लो अवस्था तथा समस्याका बारेमा जानकारी गराउनुभएको थियो ।

त्यस अवसरमा अस्पतालका मेडिकल निर्देशक डा कैलाश भण्डारीले अस्पतालको पछिल्लो अवस्था तथा समस्याका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले सरकारका तर्फबाट नियमित रूपमा बजेटको व्यवस्थासँगै यस अस्पताललाई प्राथमिकतामा राख्ने कार्यमा सहयोग गर्न नेता डा कोइरालालाई आग्रह गर्नुभएको थियो ।

अनाथ, असहाय, निम्न वर्गीय तथा अपाङ्गता भएका नागरिकको स्वास्थ्य सेवामा समर्पित रहनेगरी गैरनाफामूलक संस्थाका रूपमा सन् १९९८ मा स्थापना भएको यस अस्पतालले हाडजोर्नीका बिरामीका लागि सेवा प्रदान गर्दै आएको छ ।रासस

# एघार जिल्लाको अधिवेशन कात्तिकभित्र गर्न एमालेको निर्देशन

काठमाण्डु । नेकपा (एमाले)ले समयमा अधिवेशन नगर्ने ११ जिल्लाको नयाँ अधिवेशन मिति तोकेको छ ।

बुधबार ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले ११ जिल्लालाई आगामी कात्तिक मसान्तभित्र अधिवेशन गर्न निर्देशन दिने निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो ।

एमालेले गत जेठ मसान्तभित्र अधिवेशन सम्पन्न गर्न सबै जिल्ला कमिटीलाई निर्देशन दिएको थियो । उपमहासचिव ज्ञवालीका अनुसार ६६ जिल्लाको मात्र अधिवेशन सम्पन्न भएको छ । एमालेका इलाम, मोरङ, तेह्रथुम, सप्तरी, सिराहा, धनुषा, मनाङ, डोल्पा, डोटी, अछाम र बझाङका जिल्ला कमिटीको अधिवेशन हुन बाँकी छ । यस्तै सचिवालय बैठकले सबै जिल्लालाई साउन महिनाभित्र पार्टी सदस्यता नवीकरण गर्न र भदौ महिनामा केन्द्रीय कार्यालयमा पठाउन निर्देशन दिएको छ ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## दा.खा.सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०३/२७

यसमा जिल्ला सर्लाही गाविस बलरा वडा न. ८ बस्ने सुन्दर प्रसाद सिंहको नाती कपलेश्वर प्रसाद सिंहको छोरा अरुण कुमार सिंहले सर्लाही जिल्ला अदालतको मुद्दा लेनदेन मुदा न.०७७-अउ-०४८२ मिति २०५८।०५।२७ को फैसला मिति २०८०।०७।२० गतेको वण्डा मुचुल्का बमोजिम दा.खा. माग गरेकोमा मोठ भिडान हुदा जि.रौ.गा.वि.स.ब्रहमपुरी वडा न. ८ कि.न.६९ क्षेत्रफल ०-३-० ऐ.ऐ. वार्ड न. ७ कि.न.न.२०४ क्षेत्रफल ०-४-८-० र २०५ क्षेत्रफल ०-३-१५-० को दर्तावालाको नाम भरत सिंह राजपुत ब्रहमपुरी मात्र उल्लेख रहेकोमा यस कार्यालयको मिति २०८१।०३।२४ गतेको आदेशानुसार यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।उक्त जग्गाधनीको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा मोठ भिडान कटा हुनु नपर्ने तथा तिनपुस्ते विवरण कायम हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेश मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम कायम भै जाने छ ।



## जनकपुरधाम उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम ,धनुषा

मधेश प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०३/२७

यस उप-महानगरपालिकाबाट तपसिलका योजना निर्माणको लागि मिति २०८१/०१/२० (२०२४/०५/०२ AD) गतेको दिन जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका एबम www.bolpatra.gov.np/egp मा समेत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रितपूर्वक विधुतीय प्रणाली (e–Bid) को माध्यमबाट दर्ता हुन् आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भइ आर्थिक प्रस्ताव खोल्नको लागि छनौट भइ निर्णय भए बमोजिम सार्वजनिक खरिद नियमावली,२०६४(चौथो संसोधन) को नियम ३१ङ (५) को प्रयोजनको लागि सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | आयोजनाको विवरण | प्राबिधिक परीक्षणमा सफल बोलपत्रदाता | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| 1 | JSMC/NCB/ WORKS/ 03/2080-081 | wada no. 3 ma dewaan pokhari saundarykaran tatha nirmaan kary | DCPL- SC Joint Venture | मितिः-२०८१/०४/०३ समयः ४:०० बजे स्थानः-जनकपुरधाम उप-हानगरपालिकाको कार्यालय, जनकपुरधाम, धनुषा |

# रुसी सेनामा रहेका भारतीय फर्काउन पुटिन सहमत

एजेन्सी

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेटेर रुसी सेनामा कार्यरत आफ्नो देशका नागरिकलाई फर्काउन अनुरोध गरेको प्रसङ्गलाई मस्कोको सेनामा कार्यरत रहेका नेपालीले चासोपूर्वक हेरिरहेका छन्।

मोदी रुस पुगेर आफ्ना नागरिकको उद्धारका लागि गरेको प्रयत्न जस्तै नेपाल सरकारले पैरवी गर्न नसकेको भन्ने तुलना उनीहरूले गरेका छन्।उनीहरूले भागेर मस्कोस्थित नेपाली दूतावास पुगेका नेपालीहरू स्वदेश फर्किएको तर अरू अहिलेपनि युद्धमोर्चामा रहेको वा घाइते भएर अस्पतालमा उपचार गरिरहेको बीबीसीलाई बताए।



भारतीय प्रधानमन्त्रीसँगको भेटवार्तामा पुटिनले रुसी सेनामा कार्यरत भारतीयलाई स्वदेश फर्काइदिने वाचा गरेका भारतको विदेश मन्त्रालयका अधिकारीहरूले बताएका छन्। उक्त घटनाक्रमबाट कतिपय नेपाली अधिकारीहरू पनि केही उत्साहित सुनिन्छन्। उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले बीबीसीसँग कुरा गर्दै रुसी सेनामा कार्यरत नेपाली स्वदेश फर्काउन मस्को सैद्धान्तिक रूपमा सहमत रहेको र त्यसको ढाँचाबारे गृहकार्य गर्न उसले प्रस्ताव राखेको बीबीसीलाई बताए।

## मोदीको रुस भ्रमणपछि किन उठ्यो यो प्रसङ्ग

भारतसँग निकट सम्बन्ध रहेको रुसमा प्रधानमन्त्री मोदीले गरेको पछिल्लो भ्रमणमा कैयौँ सहमतिहरू भएका विवरण आए पनि रुसी सेनामा रहेका भारतीय नागरिकहरूलाई फिर्ता गर्न क्रेम्लिन तयार भएको प्रसङ्गले निकै चर्चा पाइरहेको छ।

भारतीय विदेश सचिव विनय मोहन क्वात्राले बुधवार एउटा पत्रकार सम्मेलनमा रुसी सेनामा झुक्याएर भर्ना गरिएका भारतीयहरूलाई फिर्ता ल्याउने कुरा प्रधानमन्त्री मोदीले राष्ट्रपति पुटिनसँग दह्रोसँग राखेको बताएका थिए।

उनका अनुसार रुसी सेनामा ३५ देखि ४० जना भारतीय छन् जसमध्ये करिब १० जना फिर्ता भइसकेका छन् र बाँकी सबैलाई मुलुक फर्काइनुपर्ने पक्षमा दिल्ली छामस्कोमा भइरहेको यो वार्तालाई रुसी सेनामा अहिले पनि कार्यरत रहेका नेपालीदेखि नेपालको परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूले नजिकबाट हेरिरहेका छन्।नेपालले रुसी सेनामा रहेका आफ्ना नागरिकलाई फिर्ता गराउन र ज्यान गुमाउन बाट जोगाइदिन गरेको अनुरोधलाई मस्कोले खासै प्राथमिकतामा नराखेको जस्तो देखिने प्रभावितका आफन्तले बताउने गरेका छन्।

सुरक्षाका कारण आफ्नो परिचय खुलाउन असमर्थ रहेका रुसी सेनामा कार्यरत एक नेपालीले बीबीसीसँग आक्रोश पोखे, "नेपाल सरकारले हाम्रा लागि माखो पनि मार्न सक्दैन। यिनीहरूले आफ्नै कुरा त मिलाउन सकेका छैनन् भने हाम्रा लागि के गरिदिन्छन्? भाग्न सक्ने मानिसहरूलाई नेपाली राजदूतावासले सहयोग गरेको छ र उहाँहरूमध्ये केही घर पनि फर्कनुभएको छ।"आफूहरू रुसी सेनाको चेन अफ कमान्डमा रहेको उल्लेख गर्दै उनले बाहिर भनिएको कुरालाई रुसमा कसैले वास्ता नगर्ने बताए।

उनी भन्छन्, "हामी काँडेतारले बार लगाएको सैन्य बलको क्षेत्रभित्र छौँ। त्यहाँ कसैले भनेको कुरा यहाँ कसैले सुन्दैन। कमान्डरले दयामाया गरेर घर बिदा दिएर पठाए भने एउटा कुरा नत्र भने कसैको दबाव पनि यहाँ काम लाग्दैन।"वाग्नर समूहको एउटा सैन्य टुकडीमा भाडाको सिपाहीको रूपमा भर्ती भएको बताउने उनले आफूहरूलाई युद्धको एकपछि अर्को अग्र मोर्चामा खटाइएको बताए।

> भारतसँग निकट सम्बन्ध रहेको रुसमा प्रधानमन्त्री मोदीले गरेको पछिल्लो भ्रमणमा कैयौँ सहमतिहरु भएका विवरण आए पनि रुसी सेनामा रहेका भारतीय नागरिकहरुलाई फिर्ता गर्न क्रेम्लिन तयार भएको प्रसङ्गले निकै चर्चा पाइरहेको छ।

नेपाल सरकारको आग्रह रुसले मान्ने सम्भावना कम देखेका उनले आफू स्वेच्छाले रुसी सेनामा काम गर्न गएको र करार अवधि सकेपछि फर्कने पनि उल्लेख गरे। उनी थप्छन्, "नेपालको सरकारले मोदी यहाँ आएजस्तै गरेर मेरो मान्छेलाई फिर्ता गर भन्न सक्दैन। मोदी जस्तो यहाँ आएर तुरुन्तै कदम चाल्नुपर्‍यो भनेर या भन्न सक्नुपर्थ्यो। अहिलेसम्म गर्न नसकेको अब उसले गर्छ भन्ने मलाई लाग्दैन। यहाँ नआउनुपर्थ्यो। म आइहालेँ। अब मरे मरिन्छ, म मेरो करार अवधि सकेपछि मात्रै फर्कन्छु।"

रुसी सेनामा काम गर्न जाने नेपालीमध्ये कतिपय नेपालको राष्ट्रिय सेनासहितका सुरक्षा निकायमा काम गरेको अनुभव भएका व्यक्तिहरू पनि छन्।१० वर्षे माओवादी द्वन्द्वका क्रममा विद्रोहीका पक्षबाट लडेका कतिपय पूर्व लडाकूहरू पनि रुसी सेनामा भर्ना भएका थिए।नेपाली अधिकारीहरूसँग रुसी सेनामा कति नेपाली कार्यरत छन् भन्ने आँकडा छैन। तर परराष्ट्र मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागले हालसम्म कम्तीमा ३४ जनाको मृत्यु भएको जनाएको छ।

विभागको कानुन परामर्श शाखाका अधिकृत कृष्णप्रसाद बस्यालले ३१९ जना नेपालीहरूलाई स्वदेश फर्काउन उनीहरूका आफन्तले सरकारलाई निवेदन दिएको बताए। उनका अनुसार अहिलेसम्म मस्कोस्थित नेपाली राजदूतावासको सहयोगमा 'ट्राभल डक्युमेन्ट' बनाएर रुसी सेनामा कार्यरत १३८ जना नेपाली स्वदेश फर्किएका छन्।बस्यालले बीबीसीसँग भने, "त्यसरी निवेदन दिएकामध्ये ३४ जनाको मृत्यु नै भइसकेको छ। युक्रेनको सेनाले कब्जा गरेकाको सङ्ख्या ६ रहेको छ। हालसम्म २२ जनाको डीएनएजाँचका लागि अनुरोध भइआएको छ। क्षतिपूर्तिको प्रक्रिया अघि बढाएको ६ जना पनि त्यसमै पर्छ।"उनका अनुसार निवेदन दिएका ३१९मध्ये कतिपय स्वदेश फर्किएकाको समूहमा पर्छन्।

विगतमा रुसी सेनामा कार्यरत रहेका नेपालीहरूको एउटा समूहले आफूहरूलाई स्वदेश फर्काउन 'छिमेकी देशका नाताले' पहल गरिदिन भारतलाई अनुरोध गरेको भिडिओ सामाजिक सञ्जालमा भाइरल बनेको थियो।रुसी सेनामा रहेका भारतीयहरूलाई स्वदेश फर्काउन रुसका राष्ट्रपति सकारात्मक रहेका भारतीय भनाइपछि बीबीसीलाई प्रतिक्रिया दिँदै नेपालका परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठले रुसी सेनामा कार्यरत रहेका नेपालीहरूको फिर्ती प्रक्रियामा पनि प्रगति हुने विश्वास व्यक्त गरे।

उनी भन्छन्, "यो हाम्रो सुरु देखिको प्रयत्न हो। उनीहरूले सैद्धान्तिक रूपमा तयार नै छौँ भन्दै आएका थिए। तर मोडालिटिमा गृहकार्य गरौँ भनिरहेका थिए। अहिले पनि त्यही कुरा दोहोर्‍याइरहेका छन्। हामीले प्रयास जारी राखेका छौँ र यसमा प्रगति हुने ठानेका छौँ।"उपप्रधानमन्त्री श्रेष्ठले रुसबाट फर्किएर नेपाल आउनेहरूले बिचौलियाहरूले आफूहरूलाई रुसी सेनामा लड्न पठाएको र जम्मा ५/७ दिन तालिम गरेर युद्धमा खटाइएको बताएको जानकारी दिए।

उनका अनुसार फर्किएर आउने व्यक्तिहरूले आफूहरू भागेर र अरू 'दलाल' मार्फत् नेपाल फर्कन सम्भव भएको जनाएका छन्। रुसी सेनामा गएको कार्तिकमा काम गर्न गएका रोल्पाका नरु पुन विचौलियालाई काठमाण्डूमा ६ लाख रुपियाँ बुझाएर मस्को पुगेको बताउँछन्। त्योभन्दा अघि ग्रील उद्योग सञ्चालन गर्दै आएको बताउने उनले रोल्पा र दाङका साथीहरूको सुझावमा आफू रुसी सेनामा भर्ना हुन पुगेको जनाए।उनले भने, "एजेन्टको नाम थाहा छैन। बाहिर बाहिरबाटै हामी गएको हो। नेपाल सरकारको स्वीकृती बिना नै गयौँ। खासमा जान नहुने ठाउँ रहेछ।"

उनले काठमाण्डूलाई बिचौलियालाई रकम तिरेर मस्को पुगेको र केही हप्ताको तालिमपछि सेनामा भर्ना भएको उल्लेख गरे।तर हातमा गोली लागेपछि रुसी अस्पतालमा उपचार हुँदा हुँदै भागेर निस्किएको उनले बताए । उनी भन्छन्, "थेरापीको लागि मलाई गैरसैनिक अस्पतालमा भर्ना गरेको थियो। त्यहाँ आवतजावतको समस्या हुँदैनथ्यो, अनि म भागेर नेपाली राजदूतावास पुगे। उहाँहरूले यात्रा अनुमति पत्र बनाइदिएपछि मस्कोबाट नेपाल आएको हुँ।" रुसी सेनाबाट भागेकाले आफूले कुनै क्षतिपूर्ति वा राहत रकम नपाएको उनको भनाइ छ।

"मैले पासपोर्ट र एटीएमकार्ड सबै छाडेर भागेर निस्किएको हुँ। त्यही भएर मैले कुनै पनि सुविधा पाएको छैन।"रुसी सेनामा काम गर्न पुगेका नेपालीहरूका भनाइमा भारत, कतार, दुबई, साउदी अरेबिया जस्ता मुलुकबाट समेत नेपालीहरू भाडाको सैनिकका रूपमा काम गर्न रुस पुगिरहेका छन् । गएको डिसेम्बरमा रुसी सेनामा नेपाली पठाउन सक्रिय रहेको भनिएको गिरोहमा आबद्ध रहेका १० जनालाई पक्राउ गरिएको नेपाल प्रहरीले बताएको थियो।

पुन भन्छन्, "मैले चाहिँ नेपालको मात्रै बिचौलिया भेटेँ तर मेरो बिचारमा नेपाली मात्रै संलग्न भएर मान्छेहरू रुसमा पुर्‍याउन सम्भव छैन।" रुसी सेनामा रहेका नेपालीहरूको उद्धार तथा पीडित परिवारलाई राहत एवं क्षतिपूर्ति दिलाउन अघि बढाइएको एउटा अभियानकी संयोजक कृतु भण्डारी अझै पनि सयौँको संख्यामा रुसी सेनामा रहेका नेपालीहरू सम्पर्कविहिन रहेको बताउँछिन् । उनले पछिल्ला महिनाहरूमा रुसले नेपालमा आफन्त गुमाएका वा परिवारका सदस्य बिरामी रहेका जस्ता कारण देखाउँदै आवेदन दिने कतिपय सैनिकहरूलाई घर आउन दिएको बताइन् ।

तर रुसी सेनामा भर्ना भएका नेपाली फर्काउन सरकारी प्रयास फितलो रहेको उनको ठम्याइ छ । उनले अझै पनि बिचौलियाहरूले विभिन्न मार्ग प्रयोग गर्दै नेपालीहरूलाई रुस लैजाने क्रम नरोकिएको जनाइन्। उनका अनुसार हालै करिब ५० जनाको समूह चीन हुँदै रुस पुगेको जानकारी रुसी सेनामा कार्यरत रहेका नेपालीहरूले उनलाई उपलब्ध गराएका छन् । रुसबाट बीबीसीसँग कुरा गरेका एक नेपालीले पनि त्यसरी चीनको बाटो हुँदै नेपालीहरू सेनामा भर्ना हुन आएको आफूले पनि थाहा पाएको बीबीसीलाई बताए। तर बीबीसीले यसको स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन।

रुसी सेनामा कार्यरत ती नेपाली भन्छन्, "हामीले यहाँ नआउनु खतरा छ भनेर भनेको धेरै भइसक्यो। दलाललाई दोष लगाउनु बेकार छ। किनभने अझै पनि पठाइदेऊ भनेर पैसा दिने मानिसहरूको सङ्ख्या ठूलो छ। मलाई नै पनि कति नेपालीहरू मलाई जे सुकै होस तर पैसा कमाउन आउनै पर्‍यो भनेर सन्देश पठाइरहेका छन् ।" गएको मार्च महिनामा नेपालका परराष्ट्रमन्त्री श्रेष्ठले आफ्ना रुसी समकक्षी सर्गेइ लावरोवसँग टेलिफोन वार्ता गरी रुसी सेनामा भर्ना भएका नेपालीहरूलाई फिर्ता गर्न र मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन अनुरोध गरेका थिए।

हालैका महिनाहरूमा नेपाल सरकारले रुसमा व्यापार व्यवसाय गरेर बसेका नेपाली, त्यहाँ अध्ययन गरिरहेका विद्यार्थीहरू र भ्रमणका लागि सरकारी मनोनयनमा परेका व्यक्तिलाई मात्रै रुस जानका लागि अनुमति दिने नीति लिएको छ । गएको डिसेम्बरमा बीबीसी नेपालीलाई पठाएको इमेल प्रतिक्रियामा रुसको राष्ट्रपति कार्यालयले नेपालीहरू रुसी सेनामा कार्यरत रहेकोबारे आफूलाई कुनै जानकारी नरहेको बताएको थियो । उनले भनेको थियो, "विदेशीहरू रुसी सेनामा सेवा गर्न पाउँदैनन् ।"

# टी २० वरीयतामा दिपेन्द्र र रोहितको स्थान यथावत



काठमाण्डु । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले जारी गरेको नयाँ टी-२० आई वरीयता ओपनर आसिफ शेखको सुधार भएको छ । टी-२० आई ब्याटिङ वरीयतामा आसिफले एक स्थान सुधार गर्दै ६९औं स्थानमा छन् । सोही स्थानमा अष्ट्रेलियाका म्याथ्यु वेड छन् । दुबै खेलाडीको अंक समान ४३१ छ ।

टी-२० आईको ब्याटिङतर्फ नेपालका कप्तान रोहित पौडेल ६१ औं र दीपेन्द्रसिंह ऐरी ४६ औं स्थानमा यथावत छन् । भारतका ऋतुराज गायकवाडले एकै पटक १३ स्थान सुधार गर्दै सातौं स्थानमा छन् । अष्ट्रेलियाका ट्राविस हेड शीर्ष, भारतका सूर्यकुमार यादव दोस्रो र इंग्ल्यान्डका फिलिप साल्ट तेस्रो स्थानमा छन् ।

बलिङतर्फ टी-२० आई वरीयतामा दीपेन्द्रसिंह ऐरीले तीन स्थान गुमाएका छन् । दीपेन्द्र ३ स्थान तल झर्दै १००औं स्थानमा छन् । त्यस्तै सोमपाल कामी दुई स्थान तल झरेका छन् । सोमपाल ९४औं स्थानमा पुगेका छन् ।

टी-२० आई अलराउण्डरतर्फ वरीयतामा दीपेन्द्रसिंह ऐरी सातौं, कुशल मल्ल ३६औं, गुलशन झा ६९औं, कुशल भुर्तेल ७१औं र करण केसी७५ औं स्थानमा यथावत छन् । रोहित पौडेल एक स्थान तल झर्दै ५५ औं स्थानमा पुगेका छन् ।

उता ओडीआईमा नेपालको दुई स्थान खस्किएको छ । पछिल्लो पटक २ जुलाईमा भएको अपडेट अनुसार नेपाल १७औं स्थानमा पुगेको छ । नेपाल भन्दापछि ओमान १८औं, अमेरिका १९ औं र युएई २०औं स्थानमा छन् । नामिविया १६औं र क्यानडा दुई स्थान सुधारका साथ १५औं स्थानमा छ ।टी-२० आई वरीयतामा अघिल्लो हप्ताको अपडेट अनुसार नेपाल १७औं स्थानमा यथावत् छ ।

# भारतमा यात्रु बहाक बस र दुध ट्याङ्कर ठोक्किँदा १८ जनाको मृत्यु

सिन्ह्वा

नयाँदिल्ली । उत्तरी भारतीय राज्य उत्तर प्रदेशमा बुधबार यात्रु बहाक डबल डेकर बस दुध ट्याङ्करमा ठोक्किएर दुर्घटना पछि कम्तीमा १८ जनाको मृत्यु हुनुका साथै अन्य १९ जना घाइते भएको प्रहरीले जनाएको छ ।

उत्तर प्रदेशको राजधानी लखनऊबाट करिब ६८ किलोमिटर पश्चिममा उन्नाओ जिल्लाको गाढा गाउँ नजिकैको लखनऊ-आगरा एक्सप्रेस वेमा दुर्घटना भएको हो ।प्रहरीका अनुसार बिहारको सीतामढीबाट दिल्ली जाँदै गरेको डबल डेकर बसले पछाडिबाट दुधको कन्टेनरमा ठोक्किएपछि दुर्घटना भएको हो ।

बुधबार बिहान ५:१५ बिहारको मोतिहारीबाट आउँदै गरेको निजी यात्रु बस यहाँ राष्ट्रिय राजमार्गमा दूध ट्याङ्करसँग ठोक्किएको हो । दुर्घटनामा १८ जनाको ज्यान गएको र अन्य १९ जना घाइते भएका उन्नाओ जिल्ला मजिस्ट्रेट गौराङ राठीले मिडियालाई बताउनुभएको छ । प्रारम्भिक अनुसन्धानले बस अत्यधिक गतिमा रहेको औंल्याएको छ ।घाइतेहरूको नजिकको स्वास्थ्य केन्द्रमा उपचार भइरहेको र पछि जिल्ला अस्पतालमा रेफर् गरिएको राठीले बताउनुभयो ।

दुर्घटनालगत्तै स्थानीयले प्रहरीलाई सुचना गरे पछि घाइतेहरूलाई अस्पताल पुर्‍याउन उद्धार टोली र



एम्बुलेन्सहरू घटनास्थलमा पुगेका थिए ।घटनास्थलमा पुग्दासम्म केही स्थानीयले घाइतेलाई क्षतिग्रस्त बसबाट बाहिर निस्कन मद्दत गरिरहेको एक प्रहरी अधिकारीले बताउनुभयो । क्षतिग्रस्त बस र दुध ट्याङ्करलाई क्रेन प्रयोग गरेर सडकबाट निकालिएको छ ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले दुर्घटनाप्रति दुःख व्यक्त गर्दै घाइतेको उचित उपचार सुनिश्चित गर्न अधिकारीलाई निर्देशन दिनुभएको छ ।प्रहरीले मुद्दा दर्ता गरी दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धानको आदेश दिएको छ ।भारतमा हरेक वर्ष लगभग पाँच लाख सडक दुर्घटनामा एक लाख ५० हजार मानिसहरूको मृत्यु हुने अधिकारीले बताएका छन् ।

# युद्ध अन्त्य गर्न भारतको आग्रह

एएनआई

वासिङ्टन डिसी ।रूससँगको भारतको सम्बन्धले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा द्वन्द्व अन्त्य गर्न आग्रह गर्ने क्षमता दिएको ह्वाइट हाउसले मङ्गलबार जनाएको छ।

युक्रेन द्वन्द्वको समाधान युद्धभूमिमा नभई वार्तामा निहित रहेको भन्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपति पुटिनलाई युद्ध अन्त्य गर्न आग्रह गर्नुभएको हो । ह्वाइट हाउसका सञ्चार सचिव करिन जिन पियरेले भारतलाई अमेरिकाको 'रणनीतिक साझेदार' बताउदै उहाँले युक्रेनमा स्थायी शान्ति कायम गर्ने प्रयासलाई भारतसहित सबै राष्ट्रले समर्थन गर्नु महत्वपूर्ण रहेको बताउनुभयो । "रूससँगको भारतको लामो समयदेखि रहँदै आएको सम्बन्धले राष्ट्रपति पुटिनलाई युक्रेनमा युद्धको अन्त्य गर्न आग्रह गर्ने क्षमता दिएको छ," उहाँले बताउनुभयो । रासस

# दक्षिण कोरियाली सामसुङ कर्मचारी युनियनद्वारा अनिश्चितकालीन हड्तालको घोषणा

एएफपी

सियोल । दक्षिण कोरियाको सामसुङ इलेक्ट्रोनिक्समा कार्यरत दशौं हजार कामदारको प्रतिनिधित्व गर्ने एक युनियनले व्यवस्थापनलाई वार्तामा ल्याउन बाध्य पार्न आफ्नो हडताललाई अनिश्चितकालका लागि लम्ब्याउने बुधबार घोषणा गरेको छ ।

युनियनले यसअघि तीन दिने हडतालको घोषणा गरेको थियो। यो हडताल समसुङ कम्पनीको इतिहासमा सबैभन्दा ठूलो श्रम अवरोधको काम हो। चिप्स बनाउने विश्वकै केही प्रमुख कम्पनीमध्ये सामसुङ पनि एक हो र हडतालले विश्व बजारमा सामसुङको तर्फबाट आपूर्ति हुने चिप्सको व्यवस्थापनमा दबाब बढाउँछ। कम्पनीले गत हप्ता ठूलो दोस्रो त्रैमासिक सञ्चालन मुनाफा वृद्धिको भविष्यवाणी गरेको थियो।

नेशनल सामसङ इलेक्ट्रोनिक्स युनियनले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "व्यवस्थापन कुरा गर्न इच्छुक नभएपछि हामी जुलाई १० देखि दोस्रो अनिश्चितकालीन आमहडतालको घोषणा गर्छौं ।तलब र सुविधाका लागि लामो समयदेखि चलेको सङ्घर्षको एक हिस्साका रूपमा तीन दिने हडतालका लागि सोमबार पाँच हजारभन्दा बढी सदस्यले हडतालमा सहभागी भई काम गर्न छोडेका छन् ।

युनियनको यो हडताल जूनमा एक दिनको 'वाकआउट'पछि आएको हो । दशकौंसम्म सङ्घसङ्गठन बिना चलेको कम्पनीमा पहिलो पटक सामूहिक विरोधसहित काममा अवरोध पारिएको छ । आन्दोलनरत युनियनमा ३० हजार भन्दा बढी सदस्यहरू छन् जुन कम्पनीको कुल कार्यबलको पाँच भागको एक भागभन्दा बढी हो । सामसुङले बुधबार एएफपीलाई दिएको जानकारीअनुसार हडतालले उत्पादनमा कुनै असर पार्ने छैन ।

"सामसुङ इलेक्ट्रोनिक्सले उत्पादन लाइनमा कुनै अवरोध नआओस् भन्ने सुनिश्चित गर्नेछ," कम्पनीका प्रवक्ताले एएफपीसँग भन्नुभयो। उहाँले भन्नुभयो, "कम्पनी युनियनसँग असल विश्वासको वार्तामा संलग्न हुन प्रतिबद्ध छ।"तर युनियनले उत्पादनमा स्पष्ट व्यवधान आएको दावी गर्दै हडताल जति लामो समयसम्म जारी रह्यो, त्यति नै व्यवस्थापनलाई असर पर्ने बताएको छ ।"अन्ततः उनीहरू घुँडा टेकेर वार्ताको टेबलमा आउनेछन् । हामी जितमा पूर्ण आशावादी छौँ," विज्ञप्तिमा भनिएको छ ।

युनियनले सामसुङ व्यवस्थापनले हडतालमा अवरोध पुर्‍याएको आरोप लगाउँदै आफूहरू वार्तामा सहभागी हुन इच्छुक नदेखिएको बताएको छ ।यसले 'अझै पनि हिचकिचाउन' थप कर्मचारीसहित कामदारहरूलाई सहभागी हुन आग्रह गरेको छ ।उहाँले भन्नुभयो, "हाम्रो लक्ष्य र विजयलाई अगाडि बढाउन तपाईंको दृढ सङ्कल्प आवश्यक छ । आउनुहोस्, हामी हाम्रा अधिकारहरूको रक्षा गर्न र राम्रो भविष्य निर्माण गर्न हाम्रो शक्तिलाई एकताबद्ध गरौं ।"

युनियनले जनवरीदेखि नै व्यवस्थापनसँग वार्ता गरिरहे पनि दुवै पक्ष मतभेदलाई कम गर्न असफल भएका छन् ।युनियनले यसअघि वार्षिक बिदामा सुधार र पारदर्शी कार्यसम्पादनमा आधारित बोनसलगायतका माग राख्दै ५.१ प्रतिशत तलब वृद्धिको प्रस्ताव अस्वीकार गरेको छ ।काउन्टरप्वाइन्ट रिसर्चका रिसर्च भाइस प्रेसिडेन्ट नील शाहले एएफपीसँग भन्नुभयो, "हडतालको असर हडतालको अवधि, उत्पादन अवरोधका दिन र पुनः प्राप्त गर्ने रणनीतिसहितका विभिन्न कारकमा निर्भर गर्छ ।"

उहाँले थप्नुभयो, "सामसुङ व्यवस्थापनले यो हुन सक्छ भनेर कसरी तयार गरेको छ र पहिले नै यसलाई छिटो समाधान गर्न के गृहकार्य गरेको छ यसले क्षतिको सम्भावना कति हुने कुरा निर्धारण गर्छ ।"आलोचकहरूका अनुसार, सामसुङ इलेक्ट्रोनिक्सले लगभग ५० वर्षसम्म विश्वको सबैभन्दा ठूलो स्मार्टफोन र सेमीकन्डक्टर निर्माता बन्नको लागि काम गरेका आफ्ना कर्मचारीहरूलाई युनियन खोल्न दिएको थिएन ।

सन् १९८७ मा निधन भएका कम्पनीका संस्थापक ली बियुङ-चुलले युनियनको कडा विरोध गर्दै भन्नुभएको थियो, "जबसम्म मेरो आँखामा कसिङ्गर पर्ने छैन तबसम्म म कहिल्यै पनि युनियन खोल्नलाई अनुमति दिन्नँ ।"सन् २०१९ मा सामसुङ इलेक्ट्रोनिक्सको पहिलो प्रभावकारी श्रमिक युनियन गठन भएको थियो ।त्यसको केही समयपछि नै सामसुङ इलेक्ट्रोनिक्सका संस्थापकका नाति तथा वर्तमान अध्यक्ष ली जे-योङले सन् २०२० मा कम्पनीको युनियनविहीन सिद्धान्त अन्त्य भएको घोषणा गर्नुभएको थियो ।

सामसुङका तत्कालीन उपाध्यक्ष लीले सामसुङको श्रम नीतिले बदलिँदो समयको माग पूरा गर्न नसकेको बताउनुभयो । यो कम्पनी दक्षिण कोरियाली विशाल प्रबिधि कम्पनी सामसुङ समूहको प्रमुख सहायक कम्पनी हो, जुन एशियाको चौथो ठूलो अर्थव्यवस्थामा व्यवसायमा प्रभुत्व जमाउने परिवार-नियन्त्रित समूहहरूमध्ये सबैभन्दा ठूलो हो ।जेनेरेटर एआईको बढ्दो मागसँगै सामसुङले हालै आफ्नो दोस्रो त्रैमासिक सञ्चालन मुनाफामा १५ गुणाभन्दा बढी वृद्धिको भविष्यवाणी गरेको छ ।

# नेप्से परिसूचक २३ दशमलव २५ अङ्कले बढ्यो



काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २३ दशमलव २५ अङ्कले बढेको छ । बुधबार नेप्से परिसूचक एक दशमलव ०८ प्रतिशतले बढेर दुई हजार एक सय ७५ दशमलव ४० को बिन्दुमा कायम भएको हो ।

बुधबार तीन सय २२ कम्पनीको एक करोड ५२ लाख ९६ हजार सात सय ३९ कित्ता शेयर ७२ हजार सात सय १४ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७४ करोड ४० लाख ८३ हजार बराबरको कारोबार भएको छ । विकास बैंक समूह शून्य दशमलव २९ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै बैकिङ समूह एक दशमलव ६९ प्रतिशतले बढेको छ ।

बुधबारको कारोबारमा १० दशमलव २५ प्रतिशत एसबिएल डिबेञ्चर-२०८३ को शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने बुद्धभूमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धेरै हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको रु १५ करोड आठ लाख ९९ हजार आठ सय ५९ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने लक्ष्मी उन्नती कोषको दश लाख सात हजार तीन सय ५० कित्ता शेयर किनबेच भएको छ ।रासस

# पुँजीगततर्फ ७३ प्रतिशत खर्च




चितवन । सङ्घीय सरकारले जिल्लाका लागि विनियोजन गरेको पुँजीगत रकममध्ये ७३ दशमलव ८२ प्रतिशत खर्च भएको छ । जिल्लाको भौतिक पूर्वाधारका लागि विनियोजन गरिएको रकममध्ये रु चार अर्ब ४१ करोड ६९ लाख ५३ हजार छ सय २४ खर्च भएको हो ।

सङ्घबाट पुँजीगत खर्चका लागि रु पाँच अर्ब ९८ करोड ३२ लाख ३५ हजार सात सय ८० विनियोजन भएकामा ७३ दशमलव ८२ प्रतिशत खर्च भएको जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख एकनारायण शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्घीय सरकारले विनियोजन गरेको चालुतर्फ ९१ दशमलव ६४ प्रतिशत खर्च भएको छ ।

चालु खर्चका लागि विनियोजित रकम रु १२ अर्ब ९० करोड ३२ लाख ९८ हजार तीन सय १३ मध्ये रु ११ अर्ब ८२ करोड ३६ लाख ६० हजार ३० खर्च भएको शर्माले बताउनुभयो । उहाँका अनुसार जिल्लामा सङ्घीय सरकारबाट प्राप्त रु १८ खर्ब ८८ करोड ५६ लाख ३४ हजार ९३ मध्ये रु १६ अर्ब २४ करोड छ लाख १३ हजार छ सय ५४ खर्च भएको छ । विनियोजित कुल बजेटको ८५ दशमलव ९९ प्रतिशत खर्च भएको उहाँले जानकारी दिनुभयो ।

प्रदेश सरकारबाट प्राप्त बजेटमध्ये ७३ दशमलव ६५ प्रतिशत मात्र खर्च भएको छ । लेखा नियन्त्रण कार्यालयका प्रमुख शर्माका अनुसार प्रदेश सरकारबाट प्राप्त चालु खर्चतर्फको ७८ दशमलव ३६ प्रतिशत र पूँजीगततर्फ ७५ दशमलव ८३ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारले चालुतर्फ रु एक अर्ब ६१ करोड ९४ लाख ३० हजार चार सय ८७ विनियोजन गरेको थियो ।

पुँजीगततर्फ रु तीन अर्ब ३६ करोड १९ लाख २८ हजार विनियोजन भएकामा रु दुई अर्ब ४५ करोड ९२ लाख ३१ हजार सात सय १० खर्च भएको शर्माले जानकारी दिनुभयो । जिल्लामा प्रदेशबाट रु चार अर्ब ९८ करोड १३ लाख ५८ हजार चार सय ८७ विनियोजित भएकामा रु तीन अर्ब ८१ करोड ८१ लाख ६९ हजार छ सय २५ खर्च भएको छ । जिल्लाको समग्र विकासका कार्यले केही गति लिएकाले गत आर्थिक वर्षको तुलनामा चालु आवमा पुँजीगततर्फको खर्च बढेको उहाँले जानकारी दिनुभयो ।रासस

# दूध किसानले पाए रु सोह्र लाख अनुदान

गलकोट । जिल्लाका दुग्ध किसानले यस वर्ष दूधमा पाइने अनुदानमार्फत रु १६ लाख ४२ हजार रकम भित्र्याएका छन् । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्रले लिएको योजनामध्ये दूधमा अनुदान कार्यक्रम फलदायी भएको देखिएको छ ।

केन्द्रले घाँस र मासुमा दिइने अनुदान आगामी आर्थिक वर्षदेखि कटौती गरेको जनाएको छ । घाँस र मासुमा दिने अनुदान प्रभावकारी नभएको देखिएपछि बन्द गर्न लागिएको केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो ।

दूधमा भने प्रतिलिटर रु २.५ अनुदान दिँदै आइएको उहाँले जानकारी दिनुभयो । यसवर्ष सात वटा दुग्ध उत्पादक सहकारीमा आबद्ध किसानले सोझै उक्त रकम पाएका छन् । दूधमा आत्मनिर्भर गराउन महत्वपूर्ण भूमिका खेलका दुग्ध उत्पादन सहकारीमा आबद्ध किसानलाई प्रोत्साहनस्वरुप अनुदान दिँदै आइएको केन्द्रले जनाएको छ । चालु आर्थिक वर्षमा केन्द्रले विनियोजन गरेको रु २४ लाखमध्ये रु १६ लाख ४२ हजार रकम सोझौँ किसानले पाएका केन्द्रका प्रमुख सापकोटाले जानकारी दिनुभयो । अनुदान पाउन एउटै सङ्कलन केन्द्रले दैनिक दुई सय लिटर दूध सङ्कलन र बजारीकरण गरेको हुनुपर्ने भएकाले व्यक्तिगत रुपमा दूध बिक्री गर्ने किसान मापदण्डमा नपरेका उहाँले बताउनुभयो । रासस

# कर्णालीमा कृषि उत्पादन घट्यो



सुर्खेत । कर्णाली प्रदेशमा कृषि उत्पादन वृद्धि गर्दै किसानलाई प्रोत्साहन गर्न तीनै तहका सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । सङ्घ, प्रदेश र स्थानीय सरकारबाट कर्णालीको समग्र कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्नुका साथै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालित छन् ।

प्रदेश सरकारले कृषि तथा पशुपक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न बर्सेनि कृषि अनुदान वितरण गर्दै आएको छ । सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मन्त्रालयमातहतका निकाय र स्थानीय तहमार्फत बर्सेनि विभिन्न शीर्षकमा अनुदानका कार्यक्रम सञ्चालन भइरहेका मन्त्रायका सूचना अधिकारी एवं कृषि अधिकृत रामभक्त अधिकारीले जानकारी दिनुभयो ।

तीन तहका सरकारले कर्णालीको कृषिलाई उच्च प्राथमिकता दिए पनि कृषि बालीको उत्पादनमा सकारात्मक परिवर्तन आउन नसकेको नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त प्रतिवेदन अनुसार कृषि क्षेत्रमा सरकारी लगानी बढेको पाइए पनि उत्पादन भने घट्दै गएको छ ।

“कर्णालीको कृषिबालीको उत्पादन ३.५३ प्रतिशतले ह्रास आई ११ लाख ५१ हजार चार सय ३३.६१ मेट्रिकटन कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त उत्पादन ८.७६ प्रतिशतले वृद्धि भएको थियो”, राष्ट्र बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ । समीक्षा अवधिमा कर्णालीको खाद्य तथा अन्य बालीको उत्पादनमा ३.०५ प्रतिशतले ह्रास आई आठ लाख ३५ हजार ६ सय ९५ मेट्रिकटन कायम भएको पाइएको राष्ट्र बैंकका कर्णाली प्रादेशिक कार्यालयका प्रमुख बाबुराम कोइरालाले बताउनुभयो । गत आवमा यस्तो उत्पादन १०.६२ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा प्रमुख कृषिमध्ये धान बालीको उत्पादन १२.०४ प्रतिशतले वृद्धि भई एक लाख ४५ हजार ६३ मेट्रिकटन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २.०५ प्रतिशतले वृद्धि भएको थियो । गत आवको सोही अवधिमा ९.२१ प्रतिशतले वृद्धि भएको मकै उत्पादन ७.६१ प्रतिशतले घटेको छ । गहुँ उत्पादन गतको तुलनामा ०.४३ प्रतिशतले वृद्धि भई एक लाख ८८ हजार तीन सय २४ मेट्रिकटन पुगेको कोइरालाले जानकारी दिनुभयो ।

कोदो, जौ र फापरको उत्पादनमा क्रमशः १६.७३ प्रतिशत, १८.९८ र २५.६९ प्रतिशतले ह्रास आएको प्रतिवेदनको तथ्याङ्कले देखाएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवको सोही अवधिमा उक्त बालीको उत्पादन क्रमशः ४५.९४ प्रतिशत, ४५.४९ प्रतिशत र १९.७७ प्रतिशतले वृद्धि भएको थियो ।

गत आवमा १.२४ प्रतिशतले वृद्धि भएको दलहन उत्पादन समीक्षा अवधिमा ७.५६ प्रतिशतले घटेर १७ हजार आठ सय ७९ मेट्रिकटन कायम भएको छ । कर्णाली प्रदेशमा तेलहन उत्पादन ४६.१९ प्रतिशतले वृद्धि भएको छ भने गत आवको सोही अवधिमा यस्तो उत्पादन ४.०७ प्रतिशतले वृद्धि भएको थियो ।

**सागसब्जी र फलफूलको उत्पादन पनि घट्यो**

प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा कर्णालीमा तरकारी तथा बागबानी उत्पादन ५.२९ प्रतिशतले ह्रास आई एक लाख ८१ हजार तीन सय ६८ मेट्रिकटन कायम भएको उल्लेख गरिएको छ । गत वर्ष यस्तो उत्पादन ६.८२ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष ७.४९ प्रतिशतले वृद्धि भएको तरकारी उत्पादनमा ६.४६ प्रतिशतले ह्रास आएको छ ।

स्थानीय सरकारबाट तरकारी र बागबानी उत्पादनमा लगानी अभिवृद्धि भए पनि उत्पादनमा प्रभावकारी नीति कार्यान्वयनको नतिजा सकारात्मक आउन केही समय लाग्ने भएकाले समीक्षा अवधिमा उक्त बालीको उत्पादनमा सकारात्मक परिवर्तन नदेखिएको राष्ट्र बैंकका कर्णाली प्रादेशिक कार्यालयका प्रमुख कोइरालाले बताउनुभयो ।

प्रदेशभित्र फलफूल तथा मसला उत्पादनमा ४.३३ प्रतिशतले ह्रास आएको छ । गत आवमा फलफूल तथा मसला उत्पादनमा ०.९१ प्रतिशतले वृद्धि भएकामा चालु आवमा घटेर एक लाख ३३ हजार नौ सय ५७ मेट्रिकटन कायम भएको छ । स्याउ र अन्य फलफूल उत्पादन क्रमशः २९.४५ प्रतिशत र १२.८१ प्रतिशतले वृद्धि भएको छ । गत आवको सोही अवधिमा स्याउ ३.० र अन्य फलफूल उत्पादन ४.०४ प्रतिशतले वृद्धि भएको थियो ।

गत आवमा ८.४९ वृद्धि भएको सुन्तला चालु आवमा १९.८३ प्रतिशतले ह्रास आएको कोइरालाले बताउनुभयो । आँप र केरा क्रमशः ६.६८ र २४.५७ प्रतिशतले कमी आएको छ । गत आवमा यी दुई फलफुलको उत्पादन क्रमशः २.३४ र १.१८ प्रतिशतले वृद्धि भएको थियो ।अदुवा, बेसारलगायत प्रमुख मसला बालीको उत्पादनमा १३.३५ प्रतिशतले ह्रास आई ६१ हजार नौ सय ६१ मेट्रिकटन कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ०.२६ प्रतिशतले वृद्धि भएको थियो । प्रदेशमा मह उत्पादनमा वृद्धि भई ४१३.५ मेट्रिकटन पुगेको मन्त्रायका सूचना अधिकारी अधिकारीले जानकारी दिनुभयो । गत वर्ष यस्तो उत्पादन २४.८८ प्रतिशतले घटेको थियो ।

> प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जा गत आर्थिक वर्षको तुलनामा १७.५७ प्रतिशतले कमी आई रु चार अर्ब ५२ करोड १९ लाख पुगेको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

**कृषिबाली उत्पादनको क्षेत्रगत हिस्सा**

खाद्य तथा अन्य बालीको उत्पादनले कर्णाली प्रदेशको कूल कृषि उत्पादनको करिब ७२.५८ प्रतिशत हिस्सा ओगटेको छ । तरकारी तथा बागबानी, फलफूल तथा मसलाबाली र मह उत्पादनको हिस्सा क्रमशः १५.७५, ११.६३ र ०.०४ प्रतिशत रहेको राष्ट्र बैंकको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

प्रदेशको कूल खाद्य तथा अन्यबाली उत्पादनमा सबैभन्दा बढी हिस्सा २४.३० प्रतिशत सुर्खेतको र सबैभन्दा कम १.३१ प्रतिशत डोल्पाको रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी अधिकारीले जानकारी दिनुभयो ।

“तरकारी तथा बागबानी उत्पादनमा सुर्खेतको ४१.९७ र डोल्पाको सबैभन्दा न्यून ०.५८ प्रतिशत हिस्सा रहेको छ । फलफूल तथा मसला बालीको हिस्सा सबैभन्दा बढी २४.९९ प्रतिशत सल्यानको रहँदा सबैभन्दा कम १.३१ प्रतिशत डोल्पाको छ । खाद्य तथा अन्य बालीमा सबैभन्दा धेरै २९.७८ प्रतिशत मकै उत्पादन रहेको छभने सबैभन्दा कम ०.०४ प्रतिशत हिस्सा उखु उत्पादनको छ”, अधिकारीले भन्नुभयो । उहाँका अनुसार कोदो, गहुँ, आलु र धान उत्पादनको हिस्सा क्रमशः ३.०६, २२.५४, २०.८९ र १७.३६ प्रतिशत रहेको छ ।

**दूध उत्पादनमा वृद्धि**

कर्णाली प्रदेशमा दूध उत्पादन ७.२३ प्रतिशतले वृद्धि भई ३६ हजार पाँच सय ६ दशमलव २८ हजार लिटर पुगेको राष्ट्र बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ । गत आवको सोही अवधिमा यो उत्पादन १८.११ प्रतिशतले वृद्धि भएको थियो ।

“मासु उत्पादन १०.१२ प्रतिशतले वृद्धि हुँदा अण्डा उत्पादनमा १५ प्रतिशतले ह्रास आएको छ । माछा उत्पादन १४.६२ प्रतिशतले वृद्धि भई १८२.५२ मेट्रिकटन पुगेको छ”, प्रतिवेदनमा भनिएको छ ।माछापालनसम्बन्धी सरकारी निकायबाट प्रदान गरिने अनुदानको प्रभावकारी कार्यान्वयन हुनुका साथै किसानलाई माछापालनसम्बन्धी आवश्यक सीप, तालिमलगायतकार्यक्रम सञ्चालनभएकाले माछा उत्पादनमा सकारात्मक परिवर्तन आएको मन्त्रालयका कृषि अधिकृत अधिकारीले बताउनुभयो ।

**सिञ्चित क्षेत्रफलमा वृद्धि**

प्रदेशमा खेतीयोग्य जमिन तीन लाख २७ हजार चार सय ८५ दशमलव १५ हेक्टरमध्ये ५७ हजार सात सय ७८.९१ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइ सुविधा पुगेको प्रदेशस्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । गत आवको तुलनामा यस वर्ष सिञ्चित क्षेत्रफल १.५९ प्रतिशतले वृद्धि भएको मन्त्रालयका सूचना अधिकारी अधिकारीले जानकारी दिनुभयो ।कुलोबाट सबैभन्दा बढी ४५ हजार दुई सय १२ दशमलव १८ हेक्टरमा सिँचाइ सुविधा पुगेको छभने सबैभन्दा कम दुई हेक्टर क्षेत्रफल बोरिङद्वारा सिञ्चित छ । नहरद्वारा सिञ्चित क्षेत्रफल १४ हजार नौ सय ५२ हेक्टर रहेको छ ।

**घट्यो क्षेत्रगत कृषि कर्जा**

प्रदेशका बैंक तथा वित्तीय संस्थाहरूद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जा गत आर्थिक वर्षको तुलनामा १७.५७ प्रतिशतले कमी आई रु चार अर्ब ५२ करोड १९ लाख पुगेको अध्ययन प्रतिवेदनमा उल्लेख छ । “कूल कृषि कर्जामध्ये सबैभन्दा बढी सनपाट शीर्षकमा रु १० लाख ३० हजार पुगेको छ । सिँचाइ शीर्षकमा कृषि कर्जा प्रवाह भएको छैन । प्रदेशमा प्रवाहित कूल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु दुई अर्ब ३७ करोड ५२ लाख सुर्खेतमा र सबैभन्दा कम रु ९२ करोड १२ लाख मुगुमा प्रवाहित भएको छ”, राष्ट्र बैंकका प्रादेशिक कार्यालय प्रमुख कोइरालाले भन्नुभयो ।रासस


## क्षेत्र निर्धारण सम्बन्धि सर्बजनिक सूचना

**रुपनी गाँउपालिका वडा नं. ०१ रायपुरमा १५० शैयाको यूनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. को लागि आवश्यक पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धि सार्बजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०३/२७**

मधेश प्रदेश सप्तरी जिल्ला युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. रुपनी-१, रायपुर द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम | युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. इमेलः uea.rjb@gmail.com ०३१-५३१२४९, ९८०१५२०००७ |
| प्रस्तावकको व्यहोरा | १५० शैयाको युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. संचालन गर्ने कार्य को लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | रुपनी गाँउपालिका, राजविराज नगरपालिका |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्गन (EIA) अध्ययन सम्बन्धि क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, प्रणाली,भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल,स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्द्रह) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. इमेलः uea.rjb@gmail.com ०३१-५३१२४९, ९८०१५२०००७ |
| परामर्शदाताको नाम र ठेगाना | नामः सुनरस कन्सल्टेनसी एण्ड ट्रेडर्स प्रा.लि. ठेगानाः बिरगंज-१६, पर्सा नेपाल फोनः ९८५१००६६४३ इमेलः shambhuprasadchaurasiya@gmail.com |



## श्री बजरंग राष्ट्रिय प्राथमिक विद्यालय

**जनकपुरधाम उप-महानगरपालिका-१५, बेंगा, धनुषा, नेपाल**

**पोखरीको गोप्य बोलपत्र सम्बन्धि सूचना ।**

**प्रकाशित मितिः- २०८१/०३/२७**

यस विद्यालयको अधिनस्तमा रहेको पोखरीको मिति २०८१/०३/१९ को निर्णय अनुसार तपशिलमा उल्लेखित पोखरीमा माछा पालन गर्न गोप्य बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुँदा सो पोखरीको निम्न शर्तहरुको आधारमा ठेक्का लिन सर्व साधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विवरण | कित्ता नं. | क्षेत्रफल | न्यूनतम रकम प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनकपुधाम उ.म.न.पा.-१९, बेंगा | ३१० | १-१-२ | ३,२५,०००।- तीन लाख पचिस हजार | पोखरी |

**शर्तहरूः**

१. बोलपत्र फारम दस्तुर रु. १००५।- फिर्ता नहुने गरि विद्यालयबाट प्रमाणित फारम खरिद गर्नु पर्नेछ ।
२. ठेक्का अवधि २०८१/०४/१० गते देखि २०८६ साल श्रावण ९ गते सम्म जम्मा ५ पाँच वर्षको हुनेछ ।
३. यस विद्यालयको कुनै किसिमको बाँकी बक्यौता रकम राखेको व्यक्तिको नाउँमा बोलपत्र स्वीकृत हुने छैन ।
४. पोखरीमा माछा पालन मात्र गर्न सक्नेछ ।
५. बोलपत्र फारममा सब भन्दा बढी रकम कबुल गरेकोलाई प्राथमिकता दिइनेछ ।
६. धरौटी रकम वार्षिक कबुल रकमको १०% यस विद्यालयको खाता राष्ट्रिय वाणिज्य बैंक लि. जनकपुरको च.हि.नं. १२२०१००००३९१९००१ मा जम्मा गरी सक्कल भाउचर बोलपत्र (टेन्डर) साथ पेश गर्नुपर्नेछ ।
७. बोलपत्र फारम स्वीकृत भएको मितिले सात दिन भित्र पहिलो किस्ताको रकम जम्मा गरी चलन पुर्जी लिई सक्नु पर्ने छ सो चलन पूर्जी समय भित्र नलिएमा राखिएको धरौटी रकम जफत गरी ठेक्का रद्द गरिनेछ ।
८. धरौटी रकम अन्तिम किस्तामा मिन्हा हुनेछ ।
९. बोलपत्र फारम भर्ने अन्तिम मिति २०८१/०४/०२ गते सम्म विद्यालय समय ७:०० बजे देखि १०:०० बजे सम्म ।
१०. बोलपत्र फारम मिति २०८१/०४/०३ गते विहान ११:०० बजे यस विद्यालयको प्राङ्गनमा खोलिनेछ ।
११. बोलपत्र साथ नगद धरौटी राखेमा बोलपत्र स्वीकृत हुने छैन ।
१२. रित पूर्वक नभएको बोलपत्र वा म्याद नाघि आएको बोलपत्र फारम स्वीकृत हुने छैन ।
१३. पहिलो वर्षको समाप्त हुन १ महिना अगाडी दोश्रो किस्ताको रकम बैंकमा जम्मा गरी सो को सक्कल भौचर सहित अर्को सालको लागि चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ । उक्त समय भित्र किस्ता रकम बैंकमा जम्मा नगरेमा अर्को सालको लागि चलन पूर्जी दिइने छैन र ठेक्का रद्द भएको मानिने छ ।
१४. तीन भन्दा कम बोलपत्र दर्ता भएमा बोलपत्र स्वीकृत गरिने छैन ।
१५. उल्लेखित शर्तहरुको पालन नगरेमा वा समयमा कबुल गरेको रमा नबुझाएमा जुन सुकै बेला ठेक्का बदर गरी कानून कारवाही गरिनेछ ।
१६. बोलपत्र खोलिने बखत बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित रहनु पर्ने छ साथै उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन् ।
१७. ठेक्का स्वीकृत गर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित रहने छ ।

**नोट** : अन्य जानकारीको लागि विद्यालय वा मो. नं. ९८५४०२९६५८ मा सम्पर्क गर्नु होला ।

**फारमसाग संलग्न कागजातहरूः**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. धरौटी वापत जम्मा गरेको सक्कल भौचर

**प्रधानाध्यापक**

# फूलजोर खोलाको पुल जोखिममा

**निरन्तरको वर्षापछि खोलामा आएको बाढीले पुलमा बारम्बार क्षति पुर्‍याइरहेको लालबन्दी नगरपालिका ३ का वडाध्यक्ष वुद्धदेव चौधरीले बताए । उनका अनुसार पुलको जब्दी र रामपुर दुवैतर्फको भागमा सडक बगाएर ठूलो भ्वाङ परेको छ ।**



**टुडे समाचारदाता**

सर्लाही । बाढीले दायाँबायाँको सडक कटान गरेपछि सर्लाहीको लालबन्दी नगरपालिका ३ जब्दी र ईश्वरपुर नगरपालिका ८ रामपुरलाई जोड्ने फूलजोर खोलाको पुल जोखिममा परेको छ ।

निरन्तरको वर्षापछि खोलामा आएको बाढीले पुलमा बारम्बार क्षति पुर्‍याइरहेको लालबन्दी नगरपालिका ३ का वडाध्यक्ष वुद्धदेव चौधरीले बताए । उनका अनुसार पुलको जब्दी र रामपुर दुवैतर्फको भागमा सडक बगाएर ठूलो भ्वाङ परेको छ ।

थोरै मात्र बाँकी रहेको सडकबाट जोखिमपूर्ण किसिमले सवारी साधन वारपार गरिरहेका वडाध्यक्ष चौधरीले बताए । दुई वर्षअघि नै निर्माण पूरा भएको यो पुल ठेकेदारबाट अझै हस्तान्तरण भएको छैन् । सडक दायाँबायाँ दुवैतर्फको सडक समेत कालोपत्रे गर्ने भनिए पनि माटो र गिट्टी भरेर कच्ची सडक बनाएर ठेकेदार नै फरार भएको वडाध्यक्ष चौधरीले बताए । पुलमा दुवैतर्फ ठूलो खाडल बन्दा सवारी दुर्घटनाको समेत जोखिम बढेको छ ।

पुलको अवस्था दयनीय बनेकोबारे सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरमा लिखितरुपमैजानकारीगराइसकिएको लालबन्दी नगरपालिकाले जनाएको छ । मंगलबार मात्रै सडक डिभिजनको टोली आएर कटान भएको पुलको निरीक्षण गरेर फर्किएको वडाध्यक्ष चौधरीले जानकारी दिए ।

फूलजोर खोलामा पक्की पुल निर्माण भएपछि बाढीमा पौडिदै वारपार गर्नुपर्ने बाध्यता अन्त्य भएपछि खुसी भएका स्थानीय अहिले पुलको दुवैतर्फको भाग कटान गरेर जोखिममा परेपछि निराश बनेका छन् । ईश्वरपुर नगरपालिका ८ का वडाध्यक्ष श्यामबहादुर थापाले निकै सङ्घर्ष गरेर निर्माण गरिएको पुल कटानको चपेटामा परेपछि चिन्ता थपिएको बताए ।

निर्माणाधीन अवस्थामै खोलाले बगाउने, ठेकेदार बारम्बार बेपत्ता हुने जस्ता समस्या झेलेर जसोतसो पुल निर्माणको काम पूरा गराए पनि अहिले बाढीले पुनः पुलको दुवैतर्फ कटान गरेपछि चिन्ता लागेको वडाध्यक्ष थापाले बताए ।उनले पुलमा बारम्बार कटान गरिरहेको तर ठेकेदार नै सम्पर्कमा नआउँदा आफूहरु समेत अन्यौलतमा परेको बताए ।

# सरकारको साढे १९ अर्ब बजेट फ्रिज




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८०/०८१ मा पनि ठूलो मात्रामा बजेट फ्रिज भएको छ । चालु आर्थिक वर्षमा ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रुपैयाँ कुल बजेट रहेको थियो ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार साउन १ देखि असार २४ गते मध्यरातिसम्म चालु तर्फ २४ अर्ब ५९ करोड ४५ लाख ६५ हजार ६३२ रुपैयाँ मात्र खर्च भएको छ । यो खर्च कुल बजेटको ५५.७५ प्रतिशत हो ।

चालु तर्फ १८ अर्ब ५३ करोड ८८ लाख ५८ हजार बजेट विनियोजन भएकोमा ९ अर्ब २९ करोड ७० लाख २ हजार १३७ रुपैयाँ मात्र खर्च भएको छ । यो खर्च चालु तर्फको कुल बजेटको ५०.१४९ प्रतिशत हो ।

पुँजीगत तर्फ २५ अर्ब ५७ करोड ५७ लाख ७४ हजार बजेट रहेकोमा १५ अर्ब २९ करोड ७५ लाख ६३ हजार ४९४ रुपैयाँ १६ पैसा मात्र खर्च भएको छ । यो खर्च ५९.८१३ प्रतिशत रहेको प्रदेह कोष लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

यसअघि आर्थिक वर्ष २०७९/०८० मा ४७ अर्ब २ करोड ५० लाख ५२ हजार ११७ रुपैयाँ कुल बजेट रहेकोमा २७ अर्ब ३३ लाख १२ हजार ८८८ रुपैयाँ ५२ पैसा मात्र खर्च भएको थियो । अर्थात् ४२.५८ प्रतिशत रकम फ्रिज भएको थियो ।

त्यस अघि आर्थिक वर्ष २०७८/७९ मा आधा बजेट नै फ्रिज भएको थियो । त्यस आ.व.मा ३४ अर्ब ८८ करोड ९८ लाख १० हजार बजेट मध्ये १७ अर्ब ७६ करोड ३६ लाख ७५ हजार ७४९ रुपैया बजेट मात्र खर्च भएको थियो ।

# उच्च भारवाहन क्षमताको सडक तयार



**टुडे समाचारदाता**

वीरगञ्ज । पथलैया-हेटौँडा सडकखण्डअन्तर्गत आधाभार क्षेत्रमा दुई किलोमिटर उच्च भारवाहन क्षमताको सडक तयार भएको छ । सडक डिभिजन कार्यालय हेटौँडाले उच्च भारवहन क्षमताको दुई किलोमिटर सडक कालोपत्र भएर सञ्चालनमा आइसकेको जनाएको छ ।

कार्यालयका सूचना अधिकारी रमेश पाण्डेले पथलैया-हेटौँडा खण्डमा वीरगञ्ज भन्सार कार्यालय हुँदै आउने अत्यधिक भारका मालवाहक सवार ीसाधनले सडक धसिने समस्याको अन्त्य गर्न पहिलो चरणमा दुई किलोमिटर लम्बाइको नमूना सडक तयार पारेको बताए ।

"पथलैयाबाट हेटौँडा आउने सडकको लेन उच्च भारवाहन क्षमताका मालवाहक सवारीसाधनले सडक धसिने समस्या देखिँदै आइरहेको छ । हामीले पहिलो चरणमा आधाभार क्षेत्रमा दुई किलोमिटर सडक स्तरोन्नति गरेका छौँ", उनले भने, "यो सडक पहिलो चरणमा 'डिबिएम' र दोस्रो चरणमा अस्फास्ट कालोपत्र गरेकाले पनि सडक धासिने समस्या आउने छैन ।"

गत माघ २२ गते सडक डिभिजन हेटौँडा र निर्माण कम्पनीबीच सम्झौता भएको थियो । यो आयोजनाको लागत चार करोड १२ लाख १७ हजार तीन सय ४८ रहेको छ । ठेक्का सम्झौताअनुसार गत जेठ ३० गतेभित्रै निर्माण सम्पन्न हुनुपर्नेमा निर्माण व्यवसायीको ढिलासुस्ती र मौसमका कारणले तोकिएको समयभन्दा केही ढिला गरेर सम्पन्न भएको हो ।

सूचना अधिकारी पाण्डेले यो प्रविधिबाट सडक कालोपत्र गर्दा लामो समयसम्म टिकाउ हुने दाबी गरे । "हामीले परीक्षणका क्रममा भिएस ४० ग्रेडको बिटुमिन प्रयोग गरेर सडक कालोपत्र गरेका छौँ । यो सडक प्रभावकारी भएको खण्डमा अन्य स्थानमा पनि विस्तार गर्ने योजना छ", उनले भने ।

# एक सय बढी घर डुबानमा



**टुडे समाचारदाता**

बर्दिबास । बर्दिवासको एकीकृत नमुना मुसहर बस्तीसंगै रहेको टोलमा खोल्सी र नालाको पानी पसेपछि घरहरु डुवानमा परेका छन् । नगरपालिकाको वडा नं २ र १४ का एक सय भन्दा बढी घर डुबानमा परेका छन् । मंगलबार बिहानदेखि लगातार परेको वर्षाले बस्ती नै जलमग्न बनेको छ ।

चुरेबाट बग्ने खोल्सी अतिक्रमण गरि घरटहरा बनाउदाँ समस्या भएको पीडितहरुले बताएका छन् । स्थानीय होमबहादुर भुजेलका अनुसार चुरेदेखिनै स्थानीयले आफ्नो ढंगले नियन्त्रण गर्दा खोल्सीले बाटो खोज्दै आफ्नो बस्तीलाई क्षति पुऱ्याएको छ ।

पानीको निकास नहुँदा खोल्सी, नाला र निर्माण हुँदै गरेको रेल्वेको ड्यामले पनि बस्तीमा जोखिम निम्तिएको स्थानीयहरुको भनाइ छ । रेल्वेले तत्काले नाला नबनाउने हो भने बर्दिवासमा अझ बढी समस्या निम्तिने भुजेलले चिन्ता व्यक्त गरे ।

रेल्वेको ड्याम कसेर नाला नबनाउँदा पानी घरभित्र पसेको स्थानीय मिठु थापाले बताइन् । मंगलबार बिहान ४ बजेबाट लगातार परेको पानीले घरमा पानी भरिएपछि सडकममै बास बस्नु परेको थापाले बताइन् । घर जलमग्न भएपछि खान बस्न समस्या भएको र घरका अन्नपात र सरसामान सबै डुबेर नष्ट भएको उनको भनाइ छ ।

बर्दिवास-१४ का अध्यक्ष विजय महतोले बस्तीबाट पानीको निकास निकाल्न पहल भइरहेको बताउदै केही ठाउँमा पालिकाको डोजर लगाएर पानी निकासको काम गरिएको जनाए । महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेका अनुसार वर्षाले जिल्लाको अन्य क्षेत्रमा भने अहिलेसम्म कुनै क्षति गरेको छैन ।

# स्वास्थ्यकर्मीको सकुशल उद्धार



**टुडे समाचारदाता**

सिरहा । सर्रे खोलामा आएको बाढीमा फसेका लहान नगरपालिका-२४ झुट्कीका ४० वर्षीय स्वास्थ्यकर्मी अरुण चौधरीलाई प्रहरीले बुधबार सकुशल उद्धार गरेको छ । चौधरी लहान-९ खुट्टीपारि स्वास्थ्य चौकीमा कार्यरत रहेका छन् ।

कार्यालय जाने क्रममा खोलाको बीच भागमा पुगेपछि अचानक आएको बाढीमा चौधरी फसेका थिए । इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीका अनुसार खबर पाउनासाथ तुरुन्तै प्रहरी घटनास्थलमा पुगी दुई घण्टाको प्रयासपछि उनलाई सकुशल उद्धार गरिएको हो । उद्धार कार्यमा स्थानीयवासीका साथै सशस्त्र प्रहरीले सहयोग गरेको थियो ।

लामो समयदेखिको अविरल वर्षाले आएको बाढीका कारण लहान-२४ स्थित सर्रे खोला र आसपासका बस्तीहरु बाढीको उच्च जोखिममा रहेका भन्दै स्थानीयलाई सुरक्षित स्थानमा स्थानान्तरणको प्रयास भइरहेको प्रहरी नायब उपरीक्षक सोतीले जानकारी दिए ।

खोलामा पुल निर्माण नहुँदा झुटकी, खेसाहा, डाँडाटोल, सुन्दरपुर, रन्हालगायत स्थानीयहरू मारमा परेका छन् । बाढी आउँदा गाउँको आवतजावत ठप्प हुने गरेको छ । २६ करोड लागतमा दुई वर्षभित्र सम्मन्न गरिसक्ने गरी पुलको ठेक्का सम्झौता भए पनि काम सुरु हुन नसकेको वडाअध्यक्ष रासलास रायले बताएका छन् ।

# नाथमद्वारा दक्ष जनशक्ति तयार गरिदै



**टुडे समाचारदाता**

बर्दिबास । नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) को बर्दिबास शाखा दक्ष जनशक्ति तयार गरेको छ । विसं २०७७ मा स्थापना भएर २०७८ देखि 'ब्याचलर इन हस्पिटालिटी म्यानेजमेन्ट' विषयको पठनपाठन र अभ्यास गराउँदै आएको सो प्रतिष्ठानले यसपालि मधेश प्रदेश सरकारको श्रम तथा रोजगार मन्त्रालयको सहकार्यमा एक सय ५० जनालाई विभिन्न विधामा तीन महिने सीप तालिम दिएर दक्ष जनशक्ति तयार गरेको हो ।

प्रतिष्ठानले होटल व्यवस्थापन (म्यानेजमेन्ट) विषयमा अन्तर्राष्ट्रिय पाठ्यक्रम पात्रो (तालिका) अनुसार २०७८ असोजदेखि पठनपाठन र अभ्यास गराउन थालेको हो । अहिले दुई समूहका गरी ३९ प्रशिक्षार्थी होटल व्यवस्थापन विषयमा सैद्धान्तिक ज्ञान र सीप आर्जन गर्दैछन् । पहिलो समूहका १७ जनाले अहिले चौँथो सेमेस्टर पूरा गरिरहेका छन् भने दोस्रो समूहका २२ जना दोस्रो सेमेस्टरको अभ्यासमा छन् । प्रतिष्ठानले डिप्लोमा तहको पाठ्यक्रम अनुसारको कक्षाबाहेक यसपालिदेखि होटल व्यवस्थापनका विभिन्न विधामा तीन महिने तालिम पनि सञ्चालन गर्न थालेको छ । तालिम मधेश प्रदेश सरकारको श्रम तथा रोजगार मन्त्रालयको सहकार्यमा सम्पन्न गरिएको प्रतिष्ठानको बर्दिबास शाखाका प्रमुख शिवेन्द्र मल्लिकले बताए ।

तालिमबाट सिकेको सीप उपयोगी भएको प्रशिक्षार्थीहरुको कथन छ । "म दुई पटक विदेश गएँ, तर त्यहाँ चाहिने सीपको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान नहुँदा राम्रो काम नपाएर फर्कनुपऱ्यो", बाराको कलैया-७ का २५ वर्षीय मोहम्मद फैज अन्सारीले भने, "यसपाली नाथममा तीन महिने कुक तालिम लिएँ, अब विदेश गएर राम्रो कमाइ गर्नसक्छु भन्ने विश्वास जागेको छ ।"

फैजजस्तै सर्लाहीको मलङवाकी अनिता जयसवाल, सिरहाको मिर्चैयाका अमन राय र धनुषाको मिथिला-१० की सीता कर्माचार्यले पनि तीन महिने तालिम आफूहरुका लागि जीवन निर्वाह र आर्जनका लागी महत्वपूर्ण उपलब्धि बनेको बताए । मधेशमा वैदेशिक रोगारीमा जाने ठूलो संख्या भए पनि काममा दक्षता नहुँदा थोरै पारिश्रमिकमा धैरै मेहनत गर्नुपर्ने अवस्था छ । तालिमपछि सो अवस्थाको अन्त्य हुने मधेश प्रदेश सरकारको श्रम तथा रोजगार मन्त्रालयका सचिव सुरेन्द्र पौडेलले बताए ।

# वनको जमिन अतिक्रमणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको वन क्षेत्र अतिक्रमणमा परेको छ । जिल्लाको आठ सय ३७ हेक्टर जमिन अतिक्रमणमा परेको बताइएको छ । पछिल्लो समय बस्ती तथा सडक विस्तारका कारण वन क्षेत्रको जमिन अतिक्रमण हुँदै गएको हो ।

जिल्लास्थित डिभिजन वन कार्यालयद्वारा आयोजित 'वन अतिक्रमणको समस्या र समाधानका उपाय' विषयक अन्तरक्रिया कार्यक्रममा वन अतिक्रमण प्रतिवर्ष बढ्दै गएको तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको हो । तथ्याङ्क अनुसार जिल्लामा रहेका वन क्षेत्रका आठ सय ३७ हेक्टर जमिन अतिक्रमणको चपेटामा परेको छ ।

जिल्लामा २७ हजार पाँच सय ७८ हेक्टर जमिन वन क्षेत्र रहेको भन्दै आठ सय ३७ हेक्टर अतिक्रमणमा परेको कार्यालयका वन अधिकृत अनिलकुमार साहले जानकारी दिएका छन् । जमिन अतिक्रमण गरी बस्ती, सडक विस्तारका साथै कतिपयले खेती गर्न थालेका उनको कथन छ । वन क्षेत्रलाई अतिक्रमणबाट जोगाउन वन कार्यालयले सरोकार भएका निकायसँग छलफल गरी ठोस योजना बनाइरहेको बताउँदै साहले यसमा प्रशासनिक निकाय तथा राजनीतिक दलहरुले पनि समन्वय गर्नुपर्नेमा जोड दिएका थिए ।

गत आर्थिक वर्षमा ३५ हेक्टर अतिक्रमित जमिन फिर्ता गराइएको साहले जानकारी दिदै वन कार्यालयका कर्मचारीकै लापरवाही र मिलेमतोमा अतिक्रमण भइरहेकाले यसका समाधानका लागि नीतिगत तहदेखि नै योजनावद्ध रुपमा काम गर्दै जानुपर्ने बताए ।

कार्यक्रममा सहभागीले सरकारी वन क्षेत्रको अवैध कटान तथा अतिक्रमणले प्राकृतिक विपद्हरु बढ्दै गएकामा चिन्ता व्यक्त गरेका थिए । प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले वन क्षेत्रको अतिक्रमण हटाउन वन कार्यालयले पहल गर्नुपर्ने बताउँदै स्थानीय नागरिक, राजनीतिक दलका साथै सङ्घसंस्थाको सहयोग आवश्यक पर्ने धारणा राखेका थिए ।

# नदी किनारको उकास जग्गामा नयाँ बिरुवा रोपण



**टुडे समाचारदाता**

जलेश्वर । टुटेश्वरधाम नजिकैको माण्डवीगङ्गा (मडहा) नदी किनारको उकास जग्गामा नयाँ बिरुवा रोप्ने कार्य सुरु भएको छ । नदी उकासको करिब १३ हेक्टर जग्गामा बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना कार्यालयले वृक्षरोपण सुरु भएको हो । यहाँ बीस हजार नयाँ बिरुवा रोप्ने जनाइएको छ ।

कलेज निर्माणका लागि प्रस्तावित ठाउँ बर्दिबास-४ माइस्थानको अटाबे खोल्सीदेखि पूर्व र भब्सीखोलादेखि पश्चिमको सामुदायिक वन क्षेत्रको ५४.५८४ हेक्टरमा रहेका एक हजार नौ सय ६७ रुख कटान गर्नपूर्व सो संख्याको १० गुणा बढी रुख रोप्नुपर्ने सर्वोच्च अदालत र नेपाल सरकारको निर्देशानुसार माण्डवीगङ्गा तटको नदी उकास जग्गामा वृक्षरोपण सुरु गरिएको छ ।

शनिबारदेखि थालिएको उक्त अभियान अन्तर्गत हालसम्म पाँच हजारभन्दा बढी बिरुवा रोपिएका छन् । यही महिनाभित्र बीस हजार बिरुवा रोपीसक्ने बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना कार्यालयका प्रमुख देवीप्रसाद सुवेदीले जानकारी दिए । यसअघि वनक्षेत्रमा कलेज निर्माण रोक्न भन्दै सर्वोच्चमा २०७८ मा परेको रिट अदालतले २०८० जेठ २९ गते खारेज गरेको थियो । सर्वोच्चले मुद्दा खारेज गरेसँगै गत माघ ३ गते मन्त्रिपरिषद्ले अदालतको आदेशानुसार रुख काट्न स्वीकृति दिँदै सोपूर्व नयाँ वृक्षरोपण गर्न निर्देश गरेको थियो ।

प्रमुख सुवेदीका अनुसार सर्वोच्च अदालत र मन्त्रिपरिषद्को निर्णय बमोजिम काम अघि बढाउन वृक्षरोपण थालिएको छ । बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षत्रीले अब कलेज निर्माण प्रक्रियाले गति लिने विश्वास व्यक्त गर्दै अब कलेजको पूर्वाधार निर्माण कार्य अघि बढाउन अड्चन नआउने बताए ।

# जनमतद्वारा राष्ट्रिय सचिवलाई निलम्बन




**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीले केन्द्रीय सचिव विशेश्वर प्रसाद साह(विपी)समेत सातजना नेतालाई अनुशासनहीन काम गरेको भन्दै निलम्बन गरेको छ ।

पार्टी अनुशासन विभागकी सदस्य सचिव एवम् पार्टी केन्द्रीय सचिव अनिता कुमारी मण्डलले बुधबार प्रेस बिज्ञप्ति जारी गर्दै उनीहरुलाई तीन महिनाका लागि निलम्बन गरिएको जनाएकी छन् ।

केन्द्रीय अनुशासन समितिको बैठकबाट आन्तरिक छानबिन समितिको प्रतिवेदनको आधारमा पार्टीको नीति, निर्देशन र विधान विपरीत अनुशासनहीनता प्रदर्शन गरेको बिज्ञप्तिमा उल्लेख छ ।

पार्टी केन्द्रीय सचिव साह, केन्द्रीय सदस्य रामेश्वर यादव, मिर्चैया नगर सचिव कृष्णचन्द्र साह, विद्यार्थी जनमत संघका पूर्व सिरहा अध्यक्ष अरबिन्द सहनी, कार्यकर्ताहरु धिरज कामती, अनिता कुमारी यादव र दिप नारायण यादवलाई निलम्बन गरिएको छ ।

अनुशासनहीनता प्रदर्शन गरेको भन्दै कारबाहीमा परेकाहरुको बारेमा केन्द्रीय पार्टी कार्यालय, धनुषा पार्टी कार्यालय र सिरहा पार्टी कार्यालयलाई बोधार्थ गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८